# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २५५ | काठमाडौं | आइतबार, १ माघ २०७९ | Prabhab National Daily | Sunday, January 15, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिक नछुटौं।**

- सामाजिक सुरक्षा भत्ता जेष्ठ नागरिक, असहाय एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक तथा लक्षित बालबालिकालाई उपलव्ध गराइन्छ।
- सामाजिक सुरक्षा भत्ता राज्यबाट अन्य कुनै किसिमका सेवा सुविधा प्राप्त नगर्ने नागरिकलाई मात्र उपलव्ध हुन्छ।
- सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित तथा निवृत्तिभरण पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन।
- एउटै व्यक्तिले एक लक्षित समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्दछन्।
- एउटै व्यक्तिले दोहोरो सुविधा लिनु गैरकानुनी हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ट्राफिक नियम थाहा छ, तर पालना हुँदैन

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको राजधानी काठमाडौं, अनि काठमाडौंको केन्द्रबिन्दुमा रहेको बागबजार र रत्नपार्क जोड्ने आकाशे पुल । पुलमा मानिसहरूको आवतजावत । आ-आफ्नो गन्तव्यमा पुग्न निकै हतारमा रहेका कतिपय मानिसहरूले आकाशे पुलको प्रयोग गरेका देखिन्छन् । कतिपयले जथाभावी सडक पार गरिरहेका हुन्छन् ।

आकाशे पुल, यात्रुहरूलाई सहजरूपमा सडक वारपार गर्न, सडक दुर्घटना हुनबाट जोगाउन र ट्राफिक जाम न्यूनीकरण गर्न निर्माण गरिएको हो । तर, केही यात्रुले आकाशे पुलको प्रयोग गरेका देखिँदैनन्। नजिकै आकाशे पुल भए पनि प्रायःले आकाशे पुलको साटो पुलकै मुनि वा सडकबीचबाट बाटो पार गरेको देखिन्छ । त्यसमा पनि अधिकांश विद्यालय/कलेज पोसाक लगाएका विद्यार्थी हुन्छन् ।

उसो त, अहिलेको समयमा अशिक्षित कमै छन् । तर, विद्यार्थी अरुभन्दा फरक छन् । उनीहरूलाई विद्यालयस्तरबाटै ट्राफिक नियमका बारेमा जानकारी दिइन्छ । ट्राफिक नियमका बारेमा अरुलाई सिकाउने विद्यार्थीहरूले नै नियम उल्लंघन गरेको देखियो ।

सबै विद्यार्थीले नियम उल्लंघन नगरे पनि प्रायःले नजिकै आकाशे पुल प्रयोग गर्दैनन् । बागबजारको एक क्याम्पसमा अध्ययनरत विद्यार्थी पाथ आचार्य आफूलाई सामान्य ट्राफिक नियमका बारेमा जानकारी भएको बताउँछन् । विद्यालयमा पढ्दा बाटो काट्दा जेब्राक्रसिङको प्रयोग गर्ने, आकाशे पुलको प्रयोग गर्ने, जथाभावी बाटो नकाट्ने र ट्राफिक बत्तीका बारेमा जानकारी भएको आचार्य बताउँछन् ।

उनका साथी प्राञ्जल श्रेष्ठ पनि सामान्य ट्राफिक नियमका बारेमा जानकारी भएको बताउँछन् । आफूहरूले जहिले ट्राफिक नियमको पालना गर्ने बताउँदै नियम पालना नगर्ने साथीहरूलाई पालना गर्न उनले आग्रह गरे ।

> सडक दुर्घटनामा परी काठमाडौंमा एकै वर्ष १९१ जनाले गुमाए ज्यान, मृत्यु हुने अधिकांश पैदलयात्री

विद्यार्थीसँगै अन्य व्यक्तिहरूले पनि ट्राफिक नियमको पालना गरेको देखिँदैन । नियमका बारेमा उनीहरूलाई थाहा नभएको भने होइन । अधिकांशले थाहा भएर पनि पालना नगरेको देखिन्छ ।

हतार तथा सहजताका लागि मानिसहरूले जथाभावी बाटो काट्ने, जेब्राक्रसिङ तथा आकाशे पुलको प्रयोग गर्नुको साटो जथाभावी सडक पार गर्ने गर्छन् । जसका कारणले विभिन्न सडक दुर्घटना हुने र कतिपयले दुर्घटनाका कारण ज्यान पनि गुमाउनुपरेका घटना छन् ।

रत्नपार्कमा जथाभावी सडक काटिरहेका यात्रु वीरबहादुर विश्वकर्माले आफूलाई जेब्रा क्रसिङका बारेमा जानकारी भए पनि सहजताका लागि बाटो काटेको बताए । हिँड्न सहज होस् भनेर काठमाडौं महानगरपालिकाले फुटपाथ खाली गरेको छ । विभिन्न ठाउँका पार्किङ (**बाँकी पृष्ठ २ मा**)

# शक्ति निर्माणमा माधव



- घनश्याम भुसालपछि डा. भीम रावललाई पार्टीमा जोड्दै
- जसपासँग एकता प्रक्रिया अघि बढ्यो, एकअर्काको दस्तावेज अध्ययन जारी
- वामदेव गौतमको नेकपा एकता राष्ट्रिय अभियानसँग पनि संवाद हुँदै
- विचार मिल्ने दल वा व्यक्तिसँग एकता गर्ने रणनीति
- एकता गरेर संसद्मा शक्तिशाली दल हुने लक्ष्य

■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय दलको हैसियत नभएपछि माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी शक्ति निर्माणमा केन्द्रित छ । विचार, सिद्धान्त र राजनीतिक कार्यदिशा मिल्ने दल तथा व्यक्तिलाई एकता प्रक्रियामा जोड्दै शक्तिशाली दल बन्ने यो दलको रणनीति छ । तत्काल एकता सम्भव नभएका दलहरूसँग भने कार्यगत एकता गर्ने रणनीति अख्तियार गरिएको छ ।

चुनावबाट जनादेशसहित शक्तिशाली दल बन्ने अवसर गुमाएपछि संसद्मै प्रतिनिधित्व गरेका दल वा संसद्बाहिर रहेका दलसँगै व्यक्तिहरूलाई जोड्दै महत्त्वपूर्ण दल बनाउने अध्यक्ष नेपालले बताउँदै आएका छन् । गएको पुस २१ मा उनकै अध्यक्षतामा बसेको सचिवालय बैठकले महासचिव डा. बेदुराम भुसाल नेतृत्वमा गठित एकतासम्बन्धी कार्यदलले विचार, सिद्धान्तदेखि राजनीतिक कार्यक्रम मिल्ने दलसँगै व्यक्तिहरूसँग निरन्तर संवाद गरिरहेको हो । कार्यदलमा उपमहासचिवहरू डा. गंगालाल तुलाधर, प्रकाश ज्वाला र डा. विजय पौडेल छन् ।

कार्यदल सदस्य तथा उपमहासचिव ज्वालाले वामपन्थी नेता घनश्याम भुसालपछि डा. भीम रावललाई पार्टीमा ल्याउन निरन्तर संवाद भइरहेको बताए । 'उहाँसँग कार्यदलले संवाद गरिरहेको छ । सकारात्मक हुनुहुन्छ उहाँ,' ज्वालाले प्रभावसँग भने, 'दिन र तिथि मिति तोकेरै त भन्न सकिँदैन तर छिट्टै हामी सँगै हुन्छौं ।'

दुई ठूला कम्युनिस्ट दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रको भन्दा राजनीतिक कार्यदिशा स्पष्ट र सापेक्षित भएका कारण एकीकृत समाजवादीमा जोडिएको उनले स्पष्ट पारेका छन् । डा. रावल पनि एकीकृत समाजवादीको राजनीतिक कार्यदिशामा सहमत भएको दाबी ज्वालाको छ । 'वैचारिक मतभेद छैन । सबै मिल्छ । उहाँले एमालेमा निकै अन्तरसंघर्ष ओलीसँग गर्नुभयो,' उनले थपे, 'अब हामीसँग जोडिएर नेपाली वामपन्थी आन्दोलनलाई उचाइमा पुऱ्याउँछौं ।'

गत चुनावमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले टिकट खोसेपछि डा. रावल असन्तुष्ट छन् । उनले चुनावमा पार्टीकै उम्मेदवारलाई जिताउन भूमिका पनि निर्वाह गरेनन् । उनलाई एमालेको केन्द्रीय अनुशासन समितिले कारबाही गर्ने सम्भावना रहेको चर्चा हुँदै आएको छ । त्यही भएर डा. रावलले भन्दै आएका छन्- पार्टी जसरी अगाडि बढ्छ, मेरो कदम सोहीअनुसार हुन्छ ।

नेता भुसाल पनि टिकट खोसिएकै कारण असन्तुष्ट बन्दै एमालेबाट अलग भएका हुन् । गत चुनावमा स्वतन्त्र उम्मेदवार बनेर रूपन्देही- १ बाट चुनाव लडे तर एमाले सचिव छविलाल विश्वकर्मासँग पराजित भए । शुक्रबार उनी एकीकृत समाजवादीमा समाहित भएका छन् । यहीबीच डा. रावललाई पनि नेपालको दलले समाहित गर्न लागेको हो ।

अर्का वामपन्थी नेता तथा नेकपा एकता राष्ट्रिय अभियानका संयोजक वामदेव गौतमसँग पनि कार्यदलले छलफल गरेको छ । तर, पार्टीको राजनीतिक मार्गदर्शनकै विषयमा गौतमसँग मतभेद छ । गौतमले जनताको बहुदलीय जनवाद (जबज)लाई मार्गनिर्देशक सिद्धान्त बनाउनुपर्ने एक सूत्रीय अडान राख्दै आएका छन् । नेपालको दलले भने जबजलाई अस्वीकार गरेको छ । हाल यो राजनीतिक सिद्धान्त ओली नेतृत्वको एमालेले अंगालेको छ । प्रतिपादक भने एमाले पूर्वमहासचिव स्वर्गीय मदन भण्डारी हुन् ।

नेपाली मौलिकतामा आधारित कम्युनिस्ट आन्दोलनको सफलता जबज अनुशरण गरेरै हुने गौतमको बुझाइ छ । समाहित हुने प्रक्रियामा मूल पक्ष विचारमै मतभेद भएपछि गौतमको नेकपा एकता राष्ट्रिय अभियानसँगको एकता संवादले सार्थकता पाउने सम्भावना कम भएको कार्यदलका एक सदस्यले बताए ।

तर, गौतमले शुक्रबार राष्ट्रियसभा बैठकमा एमाले अध्यक्ष ओली र प्रधानन्त्रीसमेत रहेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको राजनीतिक प्रवृत्तिलाई लिएर कडा आलोचना गरे । जबकि, उनले एकीकृत समाजवादीका अध्यक्ष नेपालको आलोचना नै गरेनन् । यसको अर्थ गौतमको निकटता ओली र दाहालसँग भन्दा नेपालसँग छ । यति हुँदाहुँदै पनि जबज मान्ने/नमान्ने विषयले एकता प्रक्रिया अगाडि बढ्न सकिरहेको छैन ।

**दस्तावेज अध्ययन**

एकीकृत समाजवादीले जनता समाजवादी पार्टी (जसपा)सँग पनि एकता प्रक्रिया अघि बढाएको छ । सहअध्यक्ष राजेन्द्र श्रेष्ठ संयोजक तथा रकम चेम्जोङ र गोविन्द चौधरी सदस्य रहेको वार्ता समितिसँग एकीकृत समाजवादीको कार्यदलले दुईपटक संवाद गरिसकेको छ ।

जसपाबाट वार्ता समिति सदस्य रहेका चेम्जोङका अनुसार एकताका लागि प्रक्रियागत विषयमा छलफल भएको छ । दुई पार्टीको दस्तावेज अध्ययनका लागि आदानप्रदान पनि भएको छ । दस्तावेज (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# चुनावी दौडमा व्यवसायी

## प्रगतिशील र लोकतान्त्रिकले घोषणा गऱ्यो आ-आफ्नो टिम

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूमा चुनावी सरगर्मी बढेको छ । व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारणसभा यही माघ ६ गते हुँदै छ । पटक-पटक स्थगित हुँदै आएको निर्वाचन यसपटक भने अन्तिम तयारीमा पुगेको छ । संघको नेतृत्व लिन व्यवसायीहरूबीच चर्को प्रतिस्पर्धा देखिएको छ । त्यसैले व्यवसायहरूमाझ चुनावी सरगर्मी बढेको हो ।

संघको आगामी कार्यकालका लागि सहमतिमा नेतृत्व चयन गर्न नसक्दा व्यवसायीहरू चुनावमा होमिएका छन् । नयाँ कार्यसमितिमा जान शुक्रबार व्यवसायीहरूले उम्मेदवारी दर्ता गरिसकेका छन् । यद्यपि, विभिन्न राजनीतिक दलनिकट व्यवसायीहरूको संगठनले आपसी सहमति जुटाउन नसक्दा प्यानल घोषणा गर्नुपरेको छ ।

नेकपा एमालेनिकट व्यवसायीहरूको संगठन प्रगतिशील वैदेशिक रोजगार मञ्चले शनिबार राजधानीमा एक कार्यक्रमको आयोजना गरी आफ्नो टिम घोषणा गरेको छ । नेपाली कांग्रेसनिकट व्यवसायीहरूको संगठन नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसियसनले औपचारिकरूपमा टिम घोषणा नगरे पनि आफ्नो आधिकारिक उम्मेदवारहरूको सूची सार्वजनिक गरेको छ । त्यस्तै उम्मेदवारी दर्ता गरे पनि माओवादी केन्द्रलगायत अन्य दलनिकट संघसंस्थाले आधिकारिक टिम घोषणा गरेका छैनन् ।

अन्तिम समयसम्म पनि सहमतिका लागि गरिएको प्रयास असफल भएको भन्दै प्रगतिशील मञ्चले राजेन्द्र भण्डारीको नेतृत्वमा प्यानल सार्वजनिक गरेको छ । प्यानलको अध्यक्षमा भण्डारी, प्रथम, द्वितीय र तृतीय उपाध्यक्षमा क्रमशः डिकबहादुर खत्री, सञ्जु गुरुङ




र रोशन कटुवाल, महासचिवमा मिलन कट्टेल, सचिवमा राजेन्द्र अधिकारी, कोषाध्यक्षमा सरिता घले रहेका छन् । कार्यसमिति सदस्यका लागि देउमान नेम्वाङ, वैकुण्ठ पौडेल, शिवहरी मैनाली (शितल), आनन्द कोइराला, खेमनाथ गौतम, मोहनप्रसाद आचार्य, राजेन्द्र बस्नेत, जनकलाल बास्तोला, श्यामचन्द्र खतिवडा, उमेश महतो रहेका छन् ।

यसैगरी लोकतान्त्रिक एसोसियसनले पनि औपचारिक कार्यक्रम नगरे पनि आधिकारिक उम्मेदवारको सूची सार्वजनिक गर्दै प्यानल प्रस्तुत गरेको छ । थुप्रै व्यवसायीहरू संघको पदाधिकारी एवं सदस्यमा आकांक्षी रही उम्मेदवारी दर्ता गरेपछि लोकतान्त्रिकले आधिकारिक सूची जारी गर्नु परेको जनाएको छ । सूचीअनुसार अध्यक्षमा कुमुद खनाल, प्रथम, द्वितीय र तृतीय उपाध्यक्षमा क्रमशः किशोरकुमार केसी, अखतर हुसेन र सञ्जय पनेरु महासचिवमा मेघनाथ भुर्तेल, सचिवमा कर्णराज कटुवाल र कोषाध्यक्षमा हिमा गुरुङ आधिकारिक उम्मेदवार रहेका छन् ।

त्यस्तै सदस्यहरूमा चन्द्रबहादुर लिम्बू, कैलाश पाठक, तोरणकुमार कार्की, नारायण भुसाल, राजकाजी भोलान, विक्रम श्रेष्ठ, कामेश्वर साह, मो. इजरायल, फिरोज खान र चन्द्रकमल श्रेष्ठलाई आधिकारिक उम्मेदवारको रूपमा समेटिएको छ । आधिकारिक सूचीमा नपरेका भुवनसिं गुरुङले पनि लोकतान्त्रिक एसोसियसनको तर्फबाट भन्दै संघको अध्यक्षमा उम्मेदवारी दर्ता गएका छन् । यसअघि संघमा गुरुङको अध्यक्षतामा सर्वसम्मत नेतृत्व चयनको प्रयास भएपनि भाँडिएको थियो । त्यस्तै अन्य पदाधिकारी र सदस्यहरूमा पनि उम्मेदवारी दर्ता गरेका थुप्रै व्यवसायीहरू आधिकारिक सूचीबाट बाहिर परेका छन् ।

आन्तरिक किचलोका कारण लोकतान्त्रिक एसोसियसनमा विवाद देखिएपछि यसको लाभ प्रगतिशील मञ्चले लिन सक्ने व्यवसायीहरूको भनाइ छ । यद्यपि, प्रगतिशील मञ्चले शनिबार टिम घोषणा गर्दासम्म सत्ता समीकरणका रहेका दलनिकट व्यवसायीका संघसंगठनले समर्थन गरेका छैनन् । तर, सहमति र समर्थनका लागि अधिकतम छलफल भइरहेको बताइएको छ । माओवादी केन्द्रनिकट संगठनबाट ईश्वरबाबु जिसीले अध्यक्षमा उम्मेदवारी दिएका छन् । उनले प्यानल घोषणा गरेका छैनन् । प्रगतिशील मञ्चको टिम घोषणा कार्यक्रममा प्रमुख अतिथिको रूपमा आएका एमाले महासचिव शंकर पोखरेलले पनि सत्ता समीकरणमा रहेका दलनिकट व्यवसायीहरू मिलेर संघको निर्वाचनमा सामेल हुनु उपयुक्त रहेको बताए । उनले अहिलेको परिदृश्यमा सबै मिल्न सके परिणाम प्रगतिशीलहरूकै पक्षमा आउन कसैले रोक्न नसक्ने बताए । पोखरेलले व्यवसायीहरूकै चुनावबाट पनि वाम एकताको सन्देश प्रवाह हुने बताए ।

यसअघि पुस ८ गते तोकिएको संघको चुनावमा व्यवसायीहरूले सदस्यहरूको नवीकरण तथा आन्तरिक तयारी नपुगेको भन्दै रोकेका थिए । यतिखेर साधारणसभा तथा निर्वाचनका लागि राजनीतिक दलनिकट सबै व्यवसायी संघसंगठन तयारी अवस्थामा रहेको र झण्डै सात सयको हाराहारीमा प्रतिनिधि दर्ता भएको संघले जनाएको छ ।




# सहकारीको नियमित अनुगमन गर्दै काठमाडौं महानगर




**काठमाडौं–** अनियमितता गर्ने सहकारीको संख्या दैनिकरूपमा बढिरहेको गुनासो आएपछि काठमाडौं महानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सहकारीको नियमितरूपमा अनुगमन गर्ने भएको छ ।

कामपाको सहकारी विभागले ३२ वटै वडामा रहेका सहकारीको अनुगमन गर्ने भएको हो । नागरिकसँग लिएको पैसा समयमा नै फिर्ता नगरेर उजुरी परेका सहकारीलाई ध्यानमा राखेर महानगरपालिकाले अनुगमन तीव्र बनाएको हो । वडागतरूपमा सहकारी संख्याका आधारमा अनुगमन गरिनेछ । नागरिकलाई ठगी गर्ने सहकारीको संख्या धेरै रहेको उजुरी आएकाले अनुगमन गर्न लागिएको कामपाका सहकारी विभाग प्रमुख देवेन्द्र पोखरेलले जानकारी दिए ।

'पहिलो चरणमा नियमबाहिर रही सञ्चालन भएका र बचतकर्ताको रकम फिर्ता गर्न आनाकानी गरिरहेका सहकारीको अनुगमन गरिनेछ,' उनले भने । दोस्रो चरणमा अन्यलाई अनुगमन गरी आवश्यकताअनुरूप निर्देशन दिइने विभागका प्रमुख पोखरेलले बताए ।

अनुगमनका क्रममा कामपाले दिएको निर्देशन पालना नगरे सहकारी ऐनअनुरूप कारवाहीको प्रक्रिया अघि बढाउने कामपाको तयारी छ । सबै सहकारी काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ अनुसार सञ्चालन भएका छन् । पछिल्लो २० दिनयता रकम ठगी गरेको भन्दै उजुरी गर्नेको संख्यामा कमी आए पनि विगतका वर्षको तुलनामा यस वर्ष अत्यधिक मात्रामा ठगीका उजुरी परेकाले कामपाले अनुगमन गर्ने तयारी गरेको हो । कामपामा एक महिनाअघि दैनिक १५ वटासम्म उजुरी आउने गरेको थियो । अहिले दैनिक तीन/चार वटा उजुरी आउने गरेको बताइएको छ । अनुगमनको काम तत्काल सुरु गर्न टोली गठनको तयारी भइरहेको छ ।

**११८ सहकारीबारे उजुरी**

कामपा क्षेत्रभित्र सञ्चालनमा रहेका ११८ सहकारी संस्थामाथि बचतकर्ताले आफ्नो रकम फिर्ता नगरेको भन्दै उजुरी गरेका छन् । उक्त उजुरी संख्या चालु आर्थिक वर्षको हालसम्मको हो ।

गत आर्थिक वर्षभरिमा जम्मा ६० उजुरी परेका भए पनि चालु आर्थिक वर्षको छ महिनाको अवधिमा अघिल्लो वर्षभन्दा दोब्बर उजुरी परेको विभागका प्रमुख पोखरेलले जानकारी दिए । प्रमुख पोखरेलका अनुसार, परेका उजुरीमध्ये सबैभन्दा बढी कामपा भित्री वडाबाट आएका छन् । जहाँ सहकारीको संख्या धेरै छ । सबैभन्दा धेरै बचतकर्ताको रकम फिर्ता नगरेको ठगीका उजुरी छन् ।

उजुरी परेका ११८ मध्ये ४७ सहकारीलाई कामपाले पटक-पटक सम्पर्क गर्न खोजेको थियो । केही अझै सम्पर्कमा नै नआएका र आएका केहीले पनि बचतकर्ताको रकम फिर्ता नगरेकाले पुनःउजुरी आएपछि कामपाले प्रहरीको जिम्मा लगाएको छ । बाँकी ७१ सहकारी सञ्चालकसँग कामपाले छलफल गरी बचतकर्ताको रकम असुल उपर गरिदिनका लागि प्रयास गरिरहेको छ । हाल कामपाका एक हजार ९५५ सहकारीमध्ये सबैभन्दा बढी बचत तथा ऋण सहकारी छन् ।

संवैधानिक व्यवस्थाअनुसार २०७५ साउन १ गतेदेखि देशका सबै डिभिजन सहकारी कार्यालय खारेज भई सम्बन्धित स्थानीय तहले सहकारी नियमन गर्नुपर्ने व्यवस्था छ । आगामी दिनमा नयाँ सहकारीलाई सञ्चालनका लागि अनुमति दिनेभन्दा पनि सञ्चालनमा रहेकालाई नियमन र निर्देशन गरी राम्रो बनाउनेतर्फ कामपाको जोड रहने बताइएको छ ।

सहकारी ऐन, २०७४ र कामपाको सहकारी ऐन, २०७४ अनुरूप कानुनीरूपमा नै एकीकृत गर्न सकिने व्यवस्था छ । नयाँ सहकारी सञ्चालनका लागि प्रस्ताव आउने गरेको भए पनि कामपाले भने गाभ्न चाहने सहकारीलाई एकापसमा गाभ्ने र भएको सहकारीलाई गुणस्तरीय बनाउने कामपाको योजना छ । सहकारीलाई एक बनाउन दुई सहकारी एकअर्कामा एकीकृत हुन तयार रहनुपर्छ । मापदण्डबाहिर सञ्चालित साना सहकारी धेरै रहेकाले समस्या भएकाले तिनको सही व्यवस्थापन गर्न एकीकृत प्रणालीअनुरूप जान लागिएको हो ।

एकीकृत हुन चाहने दुईवटै सहकारीले कामपाको सहकारी विभागका निवेदन दिनुपर्छ । त्यसपछि कामपाले प्रकृतिअनुरूप प्रक्रिया अघि बढाउनेछ । सहकारी गाभ्न कामपाको चाहनाले मात्र नहुने हुँदा सञ्चालकले इच्छा राख्नुपर्दछ । समान प्रकृतिका सहकारी एकआपसमा गाभ्न सकिनेछ । *रासस*

## शक्ति निर्माणमा...

पृष्ठ १ बाट जारी

अध्ययनपछि राजनीतिक कार्यदिशा, वैचारिक पक्षदेखि एकतापछि पार्टीले अंगाल्ने सिद्धान्त टुंगो लगाइने सदस्य चेम्जोङले बताए ।

'एकीकृत समाजवादीको दस्तावेजमा के छ ? हामीले थाहा पाउनुपर्‍यो । हाम्रो (जसपाको) मा के छ ? त्यो एकीकृत समाजवादीका साथीहरूले थाहा पाउनुपर्छ । त्यसका लागि एकअर्काबीच पार्टीको दस्तावेज लिने/दिने भएको छ । वैचारिक र राजनीतिक पक्षमा त्यसपछि मिलाउँछौं ।' एकीकृत समाजवादीका कार्यदल सदस्य ज्वालाले पनि दस्तावेज अध्ययन गरिरहेको र छिट्टै तार्किक निष्कर्षतिर पुगिने बताए । तर, कहिले भन्ने टुंगो छैन ।

जसपाका अध्यक्ष उपेन्द्र यादव पूर्वएमाले नेता हुन् । अर्का अध्यक्ष अशोककुमार राई त एमालेको उपाध्यक्ष भइसकेका नेता हुन् । उनले यसपटक एमालेकै समर्थनमा चुनाव जिते । सहअध्यक्ष राजेन्द्र श्रेष्ठ, उपाध्यक्ष रकम चेम्जोङलगायत धेरै नेताहरूले राजनीतिक जीवनको लामो समय एमालेमै बिताए । यस आधारमा उनीहरू कम्युनिस्ट पृष्ठभूमिका हुन् ।

यो दलमा भएका धेरै नेता पहिलो संविधानसभामा पहिचानको आन्दोलन घनिभूतरूपमा उठ्दा एमालेको तत्कालीन नेतृत्व झलनाथ खनालसहित केपी शर्मा ओलीलगायत नेताहरू पहिचानमात्रै नभई संघीयताविरोधी कित्तामा उभिएको भन्दै एमालेबाट २०६९ मा अलग भएका थिए ।

एकीकृत समाजवादीमा भएका नेताहरू नेपाल, खनाललगायत भने एमालेबाटै २ भदौ २०७८ मा अलग भएका हुन् । यसरी दुवै दलका धेरै नेता पूर्वएमालेका हुन् र समाजवादी यात्रामा अघि बढेका हुनाले एकता प्रक्रियामा त्यति असहज नहुने विश्लेषण हुँदै आएको छ । यी दुई दलबीच एकता भए संसद्को चौथो ठूलो दल बन्नेछ । त्यसपछि उक्त दल शक्तिशाली हैसियतमा हुनेछ ।

संसद्मा जसपाका १२ सांसद छन् । एकीकृत समाजवादीको १० सिट छ । दुवै दलको जोड्दा २२ सिट हुन्छ । हाल २० सिटको दल राष्ट्रिय स्वतन्त्र पार्टी चौथो दलीय हैसियतमा छ ।

## ट्राफिक नियम...

पृष्ठ १ बाट जारी

हटाएको छ । तर पनि मानिसहरू जथाभावी हिँड्ने, रेलिङ पार गरेर जाने प्रवृत्ति रोकिएको छैन ।

अर्का पैदलयात्रुले पनि आफूलाई सडक पार गर्दा जेब्राक्रसिङको प्रयोग गर्नुपर्ने थाहा भएको तर हतारमा रहेकाले प्रयोग नगरेको बताए । यस्तै अर्का यात्रुलाई पनि ट्राफिक नियमका बारेमा जानकारी छ । तर, उनले आफ्नो सहजताका लागि जेब्राक्रसिङको प्रयोग नगरेको बताए ।

काठमाडौं महानगरपालिकाले महानगरभित्र करिब ११ ठाउँमा आकाशे पुल निर्माण गरिसकेको छ । केही ठाउँमा पुल निर्माणाधीन अवस्थामा रहेका छन् । पैदल यात्रुहरूको सहजताका साथै दुर्घटना न्यूनीकरण गर्न महानगरले आकाशे पुल र जेब्राक्रस बनाएको हो । तर, नागरिकहरूले आकाशे पुल तथा जेब्राक्रसिङको प्रयोग गरेको देखिँदैन ।

**एक वर्षमै १९१ जनाको मृत्यु**

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७८/७९ मा १९१ जनाको सडक दुर्घटनामा परी मृत्यु भएको छ । जसमध्ये ५८ जना पैदलयात्रु रहेका छन् । अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा सडक दुर्घटनाबाट १६६ जनाको मृत्यु भएको तथ्यांकमा उल्लेख छ । जसमा ५१ जना पैदलयात्रु रहेका छन् । चालु आर्थिक वर्ष २०७९/८० को पुस महिनासम्मको तथ्यांकअनुसार सडक दुर्घटनामा ५६ जनाको मृत्यु भएको छ । मृत्यु भएकामध्ये २१ जना पैदलयात्रु रहेका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपनिरीक्षक तथा प्रवक्ता राजेन्द्रप्रसाद भट्ट नागरिकलाई ट्राफिक नियमका बारेमा जानकारी भए पनि व्यवहारमा लागू नगर्ने समस्या रहेको बताउँछन् । सडक दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी कार्यालयले समय-समयमा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । गत महिना काठमाडौं महानगरपालिकासँग समन्वय गरेर महानगरअन्तर्गतका ८९ सामुदायिक विद्यालयहरूमा जनचेतनामूलक कार्यक्रम गर्ने तय गरिएकोमा ७१ वटा विद्यालयमा कार्यक्रम सम्पन्न भएको प्रवक्ता भट्टले बताए ।

ट्राफिक प्रहरी कार्यालयले बेला-बेलामा नेपाल रेडक्रस, नेपाल स्काउट, विद्यालय तथा क्याम्पसका विद्यार्थीहरूलाई स्वयंसेवकको रूपमा परिचालन गर्दै आएको छ । स्वयंसेवकहरूले सडकमा पैदलयात्रुलाई बाटो काट्न सिकाउने, आकाशे पुलको प्रयोग गर्न सिकाउने, ट्राफिक बत्तीका बारेमा सिकाउने तथा जेब्राक्रसिङ तथा आकाशे पुल नभएको ठाउँमा कसरी बाटो काट्ने भन्ने सिकाउने गरेको प्रवक्ता भट्ट बताउँछन् ।

उनका अनुसार नागरिकलाई ट्राफिक नियमका बारेमा जानकारी छ । तर, उनीहरूमा कार्यान्वयनको समस्या छ । नियमको पालना नगर्दा धेरैले सडक दुर्घटनाबाट अकालमै ज्यान गुमाउनुपरेको तथ्यांक छ । सडक दुर्घटना जोखिममा अधिकांश पैदलयात्रु रहेका छन् । जबसम्म नागरिकले स्वविवेकले नियमको पालना गर्दैनन्, तबसम्म सडक दुर्घटनाको जोखिम रहने प्रवक्ता भट्टको भनाइ छ ।

# मकर संक्रान्ति/माघी पर्व मनाइँदै

**काठमाडौं (प्रस)–** सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति भएकाले माघ १ गतेलाई मकर (माघे) संक्रान्ति भनिन्छ । माघ १ गतेदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा रात छोटा हुँदै जान्छन् । उत्तरायण सुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ । यसैले आजको दिन देवघाट, त्रिशूली, कालीगण्डकी, बागमती, इन्द्रावती, त्रिवेणी, रिडीलगायतका स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्छ । यी ठाउँमा आज विशेष मेलासमेत लाग्ने गर्छ ।

तराईवासीले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रूपमा मनाउँछन् । वर्षभर नुहाउने वातावरण नमिल्ने तराईवासीले पनि आज भने अनिवार्य नुहाउनुपर्ने मान्यता राख्छन् ।

बिहानै तीर्थस्थलमा गई स्नान गरेर तिल दान गर्नाले सुन दान गरेसरहको पुण्य प्राप्त हुने धार्मिक विश्वास छ । धर्मसिन्धुमा माघ १ मा घ्यू, चाकु, तिलका परिकार, खिचडी नखाने, दान नगर्ने, जलाशयमा गई स्नान नगर्ने, ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा देवमणि भट्टराईले जानकारी दिए ।

उत्तरायण भएपछि शुभ कर्म गर्न उत्तम मानिन्छ । आज स्नान, दान, व्रत, ध्यान गर्ने व्यक्तिले पुण्य प्राप्त गरी मनकामना पूर्ण हुने जनविश्वास छ । माघे संक्रान्तिका दिन घिउ, चाकु, तिलका परिकार, तरुल, पालुंगो, खिचडी आदि खाने चलन छ । यी परिकारले जाडोमा न्यानो प्रदान गर्ने भएकाले चिसो समयमा पर्ने पर्वमा ताता परिकार खाने गरिएको हो । यी खानाले त्रिदोष नाश हुने आयुर्वेदका चिकित्सकको भनाइ छ । तरुल पुसको अन्तिम दिनमा पकाएर राखी माघमा खाने प्रचलनसमेत विभिन्न ठाउँमा छ । यसलाई 'पुसमा पाके, माघमा जाके' भन्ने उखानका रूपमा समेत प्रयोग गरिन्छ ।

आजका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ । शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेल मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ ।

सूर्य उत्तरायण भएपछिको मृत्युलाई उत्तम मानिन्छ । महाभारत युद्धमा मृत्यु शयचामा पुगेका भीष्मले इच्छा मृत्युको वरदान पाएअनुसार सूर्य उत्तरायणपछि नै शरीर त्यागेका थिए । आजका दिन भक्तपुरको तिलमाधव नारायणस्थानमा पनि मेला लाग्ने गर्दछ ।

माघ महिनामा माघमाहात्म्यको पनि ठूलो महत्त्व छ । स्कन्द पुराणको माघ माहात्म्यअन्तर्गत केदारखण्डको कुमार र अगस्त्यबीच भएको संवाद अर्थात् स्वस्थानी सुन्ने सुनाउने क्रम पौष शुक्ल पूर्णिमादेखि सुरु हुन्छ । यो क्रम माघ शुक्ल पूर्णिमासम्म जारी रहन्छ ।

यस वर्ष पौष शुक्ल पूर्णिमा अर्थात् पुस २२ गतेदेखि श्री स्वस्थानी व्रतकथा सुरु भइसकेको नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ । यो व्रत गर्नेले चान्द्रमासअनुसार माघ महिनाभर स्नान गरी नित्य मध्याह्नकालमा श्रीमहादेवको पूजा आराधना गर्छन् । यसैले यसलाई माघस्नान पनि भनिन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७९/०९/३०

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७४/११/०३ को निर्णयानुसार साविक कम्पनी **जिप्पो नेपाल प्रा. लि.** (प्रा.लि.नं.१७४७५१) को नाममा रहेका सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **जिपाल कम्पनी प्रा. लि.** अंग्रेजीमा **Zipal Company Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

माघ १ गते, आइतबार

| | |
|---|---|
| **मेष** | नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । |
| **वृष** | अकस्मात् धन सम्पत्ति हात पर्नेछ । |
| **मिथुन** | आज पारिवारिक प्रेम र सद्भाव बढेर जानेछ । |
| **कर्कट** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **सिंह** | प्रतिकूल समयले घेरेको छ, संयम रहनु होला । |
| **कन्या** | झुटा आरोप आइपर्दा समस्या खेप्नुपर्नेछ । |
| **तुला** | कुनै समाचारले मनमा शान्ति छाउनेछ । |
| **वृश्चिक** | व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । |
| **धनु** | मित्रबाट विशेष सहयोग मिल्नेछ । |
| **मकर** | ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन् । |
| **कुम्भ** | नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । |
| **मीन** | मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

माघ १ गते, २०७९, १५ जनवरी, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सुनाइसम्बन्धी अपांगता भएका विद्यार्थीका समस्या

■ सुशील दर्नाल

**काठमाडौं–** सुन्दरहरैचा-१० मोरङका हिमाल गुरागाइँ अहिले काठमाडौं नक्सालस्थित केन्द्रीय बहिरा क्याम्पसमा स्नातक अन्तिम वर्षमा अध्ययन गर्छन् । सुनाइसम्बन्धी अपांगता गुरागाइँलाई १२ कक्षा सकेपछि सूचना प्रविधि वा वाणिज्य अध्ययन गर्ने इच्छा थियो । तर ती विषय बहिरा क्याम्पसमा थिएन ।

'हाम्रो क्याम्पसमा एउटा मात्र पाठ्यक्रम छ, म सूचना प्रविधि वा लेखा पढ्न चाहन्थेँ तर हाम्रो क्याम्पसमा कुनै प्रावधान छैन, सांकेतिक भाषा दोभाषेको अभावले गर्दा मैले क्याम्पसमा भर्ना हुन सकिन,' उनले भने । सांकेतिक भाषासम्बन्धी ला३भन्दा बढी शब्द र झण्डै पाँच हजारभन्दा बढी सांकेतिक भाषाका शब्द रहेको सन्दर्भमा अन्य क्याम्पसमा सीमितताको कारणले गर्दा आफ्नो अध्ययनमा समस्या भइरहेको उनको भनाइ छ ।

'मेरो गाउँ नजिकै सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिले अध्ययन गर्ने क्याम्पस नभएको कारणले गर्दा काठमाडौंमा पढ्नुपर्ने भयो,' उनले भने, 'गरिब परिवारका सुनाइसम्बन्धी अपांगता भएका विद्यार्थीलाई काठमाडौंमा बस्न गाह्रो हुनसक्छ र हाम्रा लागि छात्रवृत्ति नहुँदा समस्या भएको छ ।' अमेरिका वा अन्य देशमा सुनाइसम्बन्धी अपांगता भएका विद्यार्थीका लागि सूचना प्रविधि वा कम्प्युटर विज्ञान अध्ययन हुने विश्वविद्यालय भए पनि नेपालमा कुनै सुविधा नभएको उनको गुनासो छ । अनुभवी शिक्षक नहुँदा सूचना प्रविधि र लेखा विषय पढाइ हुन नसकेको उनको बुझाइ छ ।

'सुनाइसम्बन्धी अपांगता भएका विद्यार्थीलाई राम्रोसँग बुझ्नका लागि, शिक्षकलाई राम्रो अनुहारको अभिव्यक्ति र राम्रो सांकेतिक भाषा कौशल चाहिन्छ, तर विद्यालयमा यो उल्टो छ, विद्यालयमा नौ वटा विषय छन्, एउटा विषय ४५ मिनेटमा पढाउनुपर्छ तर तथ्य के हो भने करिब ९० प्रतिशत विद्यार्थीले त्यसलाई बुझ्दैनन् र राम्रोसँग बुझ्न केही समय लाग्न सक्छ,' उनले भने ।

हालको पाठ्यक्रम सुनाइसम्बन्धी अपांगता भएका विद्यार्थीका लागि कठिन भएको र ती विद्यार्थीका लागि फरक पाठ्यक्रम हुनुपर्ने गुरागाइँले बताए । हिमालले मात्रै होइन, सोही क्याम्पसमा अध्यनरत रविता देउडाको पनि उस्तै छ समस्या । हिमालले जस्तै रविताले पनि सुनुवाइसम्बन्धी अनुभवी शिक्षक र दोभाषेको अभावलगायत विविध समस्या भोग्नुपरेको छ । विद्यालय शिक्षामा सुनाइसम्बन्धी अपांगता भएका बालबालिकाको पहुँचमा २२ वटा विशेष विद्यालय तथा १७४ वटा स्रोत कक्षासहितको एकीकृत विद्यालय सञ्चालनमा छन् ।

राष्ट्रिय बहिरा महासंघका अनुसार ती विद्यालयमा छ हजार ३८० जना सुनाइसम्बन्धी अपांगता भएका तथा २०४ जना श्रवण दृष्टिविहीन विद्यार्थी अध्ययनरत रहेका छन् । तर, ती विद्यालयमा सिकाइ सहजीकरण गर्ने शिक्षकमा सांकेतिक भाषाको ज्ञान नभएको कारणले सुनाइसम्बन्धी अपांगता भएका बालबालिकालाई सिकाइमा समावेश गर्न कठिनाइ भइरहेको छ । दुई प्रकारका अपांगतामध्ये श्रवण दृष्टिविहीन बालबालिकाले सुन्न र देख्न नसक्ने वा कममात्र सुन्न र देख्न सक्ने भएकाले उनीहरूलाई स्पर्श, स्वाद, गन्ध र बासना र चालको माध्यमबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । सुनाइसम्बन्धी अपांगता भएका बालबालिकालाई सांकेतिक भाषा र द्वैभाषीय विधिबाट सिकाइ सहजीकरण गर्न आवश्यक हुन्छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा ८८ हजार ७४३ जनामा सुनाइसम्बन्धी अपांगता भएको पाइन्छ । उक्त तथ्यांकमा सुनाइसम्बन्धी अपांगता, सुस्तश्रवण तथा श्रवण दृष्टिविहीन भएका व्यक्तिको पनि गणना गरिएको छ । सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिको शिक्षाका लागि नेपालको संविधान २०७२ ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन हुने व्यवस्था गरेको छ ।



साथै, सुनाइसम्बन्धी अपांगता तथा स्वर बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाका माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने व्यवस्था छ । संविधानको धारा ३२ ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने पनि उल्लेख गरेको छ । तर त्यसको प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन । संविधानको अनुसूची ८ को बुँदा नं ७ मा आधारित र माध्यमिक तहको शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारमा राखेको छ । संविधानले नै आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क हुने, माध्यमिक शिक्षा निःशुल्क हुने र उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरेको छ ।

अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले सुनाइसम्बन्धी अपांगता भएका, सुस्तश्रवण, तथा श्रवण दृष्टिविहीन भएका व्यक्तिलाई उपयुक्त भाषा, लिपी, तरिका, पाठ्यक्रम, पाठ्यपुस्तकलगायत पहुँचयुक्त सूचना प्रविधिको प्रयोगबाट शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ भन्ने उल्लेख गरेको छ । सरकारले विपन्नता, भौगोलिक विकटता वा अपांगताको गम्भीरतासमेतका आधारमा तोकिएबमोजिम अपांगता भएका व्यक्तिलाई आवास सुविधासहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन परीक्षा र मूल्यांकन प्रणालीमा छुट्टै व्यवस्था गर्ने, अपांगतामैत्री शैक्षिक सामग्री तथा विद्यालय भवन तथा भौतिक संरचनाको निर्माण गर्ने व्यवस्था गरेको छ । तर पनि उच्च शिक्षाको आधारशीलाको रूपमा रहेको विद्यालय शिक्षामा सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिको पहुँच तथा सिकाइमा सहभागिता तथा सिकाइ उपलब्धि कमजोर भई उनीहरूको सिकाइ गुणस्तरीय हुन सकेको छैन ।

निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले पनि सरकारले निर्धारण गरेबमोजिमका निःशुल्क अध्ययनको सुविधा उपलब्ध गराउने व्यवस्था गरे पनि कार्यान्वयनमा समस्या छ । सोही ऐन तथा नियमावली २०७७ मा पनि सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिका छोराछोरीलाई पनि स्नातक तहसम्म अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरेको छ । चिकित्सा शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले पनि चिकित्सा क्षेत्रमा १० प्रतिशत छात्रवृत्ति सीमान्तकृत समुदायलाई दिनुपर्ने व्यवस्था गरेको छ ।

त्यसैगरी शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, अनिवार्य र निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले सुनाइसम्बन्धी अपांगता भएका बालबालिकालाई उनीहरूको सिकाइ आवश्यकताअनुसार पाठ्यक्रम तथा शैक्षणिक क्रियाकलापमा अनुकूलन गरी सिकाइ सहजीकरण गर्नुपर्ने व्यवस्था गरेको छ ।

महासंघले सुनाइसम्बन्धी अपांगता भएको व्यक्तिको माध्यम भाषा, सांकेतिक भाषामा शब्द भण्डार तथा व्याकरणको पर्याप्त विकास हुनुपर्ने, मूलप्रवाहका विश्वविद्यालयमा सांकेतिक भाषाका दोभाषेको व्यवस्था हुनुपर्ने, विद्यालय तथा विश्वविद्यालयमा स्वीकार्यता, स्वागत तथा सिकाइ सहयोगको वातावरण हुनुपर्ने, समावेशी संस्कृतिको विकास हुनुपर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षामा सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिको पहुँच हुनुपर्ने माग गर्दै आएको छ ।

विश्वमा १३८ वटा सांकेतिक भाषा प्रयोगमा रहेका छन् र त्यसलाई ३०० फरक तरिकाले प्रयोग गर्ने गरिएको छ । सन् १९९२ मा विश्वमा पहिलोपटक सांकेतिक भाषालाई मान्यता प्रदान गरिएको थियो । हालसम्म ६१ देशले संविधान, ऐन, नियमावलीमा सांकेतिक भाषालाई मान्यता प्रदान गरेका छन् । भाषा आयोगले सांकेतिक भाषालाई प्रवर्द्धन गर्न सरकारलाई सिफारिस गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले अपांगता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाको माध्यमबाट उपयुक्त शैक्षिक अवसर उपलब्ध गराउने उल्लेख गरेको छ । सुनाइसम्बन्धी अपांगता भएका बालबालिकालाई छात्रवृत्ति, शैक्षिक सामग्री तथा व्यवस्थापन सहयोगको व्यवस्था छ । विद्यालय शिक्षाका ऐनमा गरिएका पाठ्यक्रम अनुकूलनसम्बन्धी व्यवस्था कार्यान्वयन हुन सकेको छैन ।

महासंघका महासचिव सन्तोष केसीका अनुसार स्थानीय संकेत फरक-फरक हुनु र संकेत गर्दा शब्द भण्डारको प्रयोग नहुनु, परिणामस्वरूप वक्ताले विषय संकेत गर्दा फरक सन्देश जानु र सिकाइमा सुनुवाइसम्बन्धी समस्या सिर्जना हुने गरेको बताउँछन् । काठमाडौंको नक्सालस्थित बहिरा उच्च माध्यमिक विद्यालयका शिक्षक ऋषिराम देवकोटाले सांकेतीकरण गरिएका शब्द उच्च शिक्षाका लागि अपुग भएको बताउँदै बनेका कतिपय शब्दलाई अर्थपूर्ण बनाउनुपर्नेमा जोड दिए । ठाउँअनुसार शब्द संकेतमा विचलन हुन नहुने, सांकेतिक भाषा शब्दकोश प्रयोग गर्ने बानी बसाल्नुपर्ने, शब्दकोशभित्र स्पष्ट सांकेतिक चित्र राख्नुपर्ने उनको भनाइ छ ।

गणित, विज्ञान र सामाजिक अध्ययनलगायतका विषयमा संकेत अत्यन्त कम भएको पाइन्छ । सांकेतिक भाषालाई मात्र शिक्षण सिकाइको विधिका रूपमा ग्रहण गरिनु, दृष्य सामग्री तथा प्रविधिको प्रयोग र अनलाइन सिकाइ सामग्रीको प्रयोग गरी सिकाइ गर्ने परिपाटी पनि अत्यन्त न्यून देखिन्छ । नेपालमा सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिको शिक्षालाई अधिकारको रूपमा स्वीकार गरी सकिएको भएता पनि समाजमा उनीहरूलाई हेर्ने दृष्टिकोण, समावेशी शिक्षाका लागि आवश्यक पर्ने जनशक्ति र शिक्षक तयार नभएको तथा सिकाइ सहजीकरण गर्ने तत्परता र क्षमताको तथा अभाव भएकाले सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिले गुणस्तरीय शिक्षामा पहुँच पाउन सकेका छैनन् ।

द्विभाषीय तथा फ्लिप सिकाइ पद्दतिको प्रयोग, सांकेतिक भाषा तथा स्पर्ष संकेतको विकासका लागि अनुसन्धान तथा मानक निर्धारण तथा समावेशी सिकाइको प्रयोगबाट सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिको सिकाइमा सुधार गर्नुपर्ने देखिन्छ । नेपालले अनुमोदन गरेको अपांगता अधिकार ऐनले सांकेतिक भाषा सिकाउने, विकास गर्ने तथा व्यावसायिक दोभाषे उत्पादन गर्ने र बहिरा संस्कृतिको प्रवर्द्धन गर्ने उल्लेख गरेको छ ।

नेपालमा २०३७ सालमा काठमाडौं बहिरा संघ तत्कालीन बहिरा क्लबको स्थापनापछि सांकेतिक भाषाको विकास हुन थालेको हो । सुरूमा इटालीका पर्यटकले बसुन्धारामा सुनाइसम्बन्धी अपांगता भएका व्यक्तिको समूह देखेपछि संगठित अभियान सुरू भएको र बहिरा समुदायका अग्रसरमा नै नेपाली सांकेतिक भाषाको विकास हुन थालेको हो । वि.सं. २०५२ मा पहिलो नेपाली सांकेतिक भाषा शब्दकोशको प्रकाशन भएपछि हालसम्म सातौं प्रकाशन र चार हजार ७०० शब्द संग्रह भएको शब्दकोश प्रकाशन भएको छ । नेपालमा सुनाइसम्बन्धी अपांगता भएका बालबालिकाको समुदायमा पहुँच र सिकाइमा सहभागिता कम देखिन्छ । सुनुवाइसम्बन्धी अपांगता भएका व्यक्तिमध्ये सुनाइसम्बन्धी अपांगता भएका व्यक्ति तथा श्रवण दृष्टिविहीन बालबालिकाको सिकाइ आवश्यकता र सिक्ने शैली फरक-फरक हुने भएकाले शिक्षकले फरक-फरक सिकाइ विधि र प्रविधि, सिकाइ सामग्री तथा क्रियाकलाप प्रयोग गरी सिकाइ सहजीकरण गर्न सकेमा मात्र यस समुदायका बालबालिकाको पाठ्यक्रममा पहुँच भई पाठ्यक्रमले तोकेका उपलब्धि हासिल हुनसक्दछ । *रासस*

# गणतन्त्र अहिले समस्यामा छ : महासचिव पाखरेल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालको महासचिव शंकर पोखरेलले लोकतन्त्र र गणतन्त्र अहिले समस्यामा रहेको बताएका छन् । शनिबार काठमाडौंमा आयोजित राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल (मानवअधिकार एलाइन्स)को बागमती प्रदेशको पहिलो सम्मेलनको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

अहिलेको अवस्थामा नेपालको अर्थतन्त्र निकै अप्ठ्यारोमा रहेको भन्दै यसका लागि सबै पक्ष सचेत हुनुपर्ने उनको भनाइ थियो । 'अहिले अर्थतन्त्र डिलमा छ । यसलाई लयमा ल्याउनका लागि धेरै मिहेनत गर्नुपर्ने अवस्था देखिन्छ,' उनले भने ।

अर्को प्रसंगमा उनले राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपालको स्थापनामा कम्युनिस्टहरूले महत्त्वपूर्ण भूमिका खेलेकोसमेत बताए । कम्युनिस्टहरू मानवअधिकारका प्रवर्द्धक रहेको दाबी गर्दै उनले यसमा प्रतिबद्ध रहेको बताए ।

राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य गौरी प्रधानले देशको विकासका लागि राज्य, बजार र नागरिक समाजको भूमिका महत्त्वपूर्ण हुने बताए । राज्यसंग प्रशस्त शक्ति हुने, बजारसँग अर्थतन्त्र र नागरिक समाजले नागरिकका भावना



उठाउने उनको भनाइ थियो ।

आयोगका सचिव मुराहरीप्रसाद खरेलले पछिल्लो समयमा मानवअधिकारको परिभाषामा पनि परिवर्तन आएको बताए । द्वन्द्वको समयमा मानिसको ज्यान जोगाउने विषय मुख्य रहेको भए पनि अहिले मानिसको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षलाई बढी महत्त्व दिइएको उनको भनाइ छ । ७५ वर्ष पहिले बनेको मानवअधिकारको विश्वव्यापी घोषणापत्र अहिले पनि निकै सान्दर्भिक रहेको उनको तर्क थियो । १३ जिल्लाका ८० जनाभन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको सम्मेलनले नयाँ नेतृत्व चयन गर्नेछ ।

# घनश्याम भुसाल नेकपा एसको सचिवालय सदस्य मनोनीत

**काठमाडौं (प्रस)–** नेकपा एकीकृत समाजवादीको सचिवालय बैठकले नेता घनश्याम भुसाललाई सचिवालय सदस्यमा मनोनीत गरेको छ ।

पार्टीका अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा केन्द्रीय कार्यालयमा शनिबार बसेको बैठकले नेता भुसाललाई सो पदमा मनोनयन गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए ।

सचिवालयको उक्त निर्णयलाई शनिबार नै बसेको स्थायी कमिटी बैठकले अनुमोदन गरेको छ । नेता भुसालले यही पुस २९ गते स्वघोषणा गरी उक्त पार्टीमा आबद्ध भएर नेपाली कम्युनिस्ट आन्दोलनको पुनर्गठन र रूपान्तरणको अभियानमा



क्रियाशील हुने प्रतिबद्धता व्यक्त गरेका थिए ।

नेकपा एमालेको उपमहासचिवमा निर्वाचित भई पार्टीका विभिन्न तहमा नीति निर्माणमा जिम्मेवार ीसमेत निर्वाह गरेका नेता भुसाल पुँजीवाद र समाजवादको विश्लेषक तथा कम्युनिस्ट पार्टीमा बौद्धिक छवि बनाएका विचारकका रूपमा स्थापित छन् । गत मंसिर ४ मा भएको निर्वाचनमा रूपन्देही निर्वाचन क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवारी दिएर लडेका उनी पराजित भएका थिए ।

दुवै बैठकमा मुलुकको समसामयिक राजनीतिक विषयवस्तु, वाम एकताका क्रममा अहिलेसम्म भएका प्रगतिको समीक्षा गरिएको थियो । पार्टीले नेपाली कम्युनिस्ट आन्दोलनलाई बलियो शक्तिका रूपमा विकास गर्ने उद्देश्यले समाजवादी कार्यदिशा अँगालेका व्यक्ति, विभिन्न कम्युनिस्ट समूह तथा दललाई एकताबद्ध गर्न सम्बन्धित पक्षसँग वार्ता गरिरहेको छ ।


**INVITATION FOR BIDS**

**Shailyashikhar Municipality**
**Office of the Municipal Executive**
**Gokuleshwar, Darchula**

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**
**Contract Identification No:SSM-TB-03/2079/80**
**First Date of Publication: 2079/10/01 ( 15/01/2023 )**

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Shailyashikhar Municipality for **Trail Bridge Program** and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Shailyashikhar Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the www.bolpatra.gov.np
5. Bidding documents may be purchased from www.bolpatra.gov.np by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table and bid document fee should be deposited in **A/C No: Shailyashikhar Na. Pa Antarik Rajashow GA1-1 3170010000276 Mega Bank Ltd. Gokuleshwar Branch** until the last date of purchase of bidding document from the first date of publication of this notice.
6. Bids must be submitted through www.bolpatra.gov.np, on or before **12:00 noon on 2079/11/02 (14/02/2023)**. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 2079/11/02 (14/02/2023)** at the office of Shailyashikhar Municipality, Darchula, Nepal. **Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 2.5 % of the quoted Bid amount (inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.**
8. If bidder wishes to submit the **Bid Security in the form of cash**, bidder has to deposit cash in in **A/C No: Shailyashikhar Na. Pa Dharauti GA-3 3170010000232 Mega Bank Ltd. Gokuleshwar Branch Shailyashikhar Municipality, Darchula** and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road heads of Baskhet,Thyauda Khola and Bajani BukakholaTrail Bridge | 23,73,798.54 | 67,000.00 | 3,000.00 |

11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Act . Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अझै सतर्कताको खाँचो

मुलुकको अर्थतन्त्रमा सुधारको संकेत देखिएको छ। लगातार नकारात्मक बन्दै गएको अर्थतन्त्रका सूचकहरूमा पछिल्लो समय क्रमशः सुधार देखिएको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७९/८० को पाँच महिनाको विवरणमा थप सुधार देखिएको हो।

राष्ट्र बैंकको प्रतिवेदनमा विदेशी विनिमय सञ्चिति, सोधनान्तर स्थिति, चालु खाता घाटालगायतमा उल्लेख्य सुधार आएको उल्लेख गरिएको छ। यसले मुलुकको अर्थतन्त्रमा बाह्य दबाब घट्दै गएको संकेत गर्दछ। बाह्य दबाब बढ्दा समग्र अर्थतन्त्रमा समस्या पार्ने गर्दछ।

सरकारले बाह्य दबाब कम गर्न आयातमा प्रतिबन्धदेखि विभिन्न नीति लिएको थियो, जसको प्रभाव सकारात्मक देखिएको छ। समीक्षा अवधिमा व्यापार घाटा १८.८ प्रतिशतले घट्न पुगेको छ। साथै, विप्रेषण (रेमिटचान्स) आप्रवाहमा उल्लेख्य सुधार आएको तथा मूल्यवृद्धि नियन्त्रणउन्मुख रहेको राष्ट्र बैंकको प्रतिवेदनमा छ।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा विदेशी विनिमय सञ्चिति १२ खर्ब ९२ अर्ब रूपैयाँ पुगेको छ। यो रकम गत असार मसान्तको तुलनामा ६.३ प्रतिशतले बढी हो। चालु खाता घाटा ३७ अर्ब ९१ करोड रूपैयाँ कायम भएको छ। शोधनान्तर स्थिति ४५ अर्ब ८७ करोडले बचतमा छ। विप्रेषण (रेमिटचान्स) आप्रवाह चार खर्ब ८० अर्ब ५० करोड रूपैयाँ पुगेको छ। मंसिर महिनामा मात्रै एक खर्बभन्दा बढी रेमिटचान्स भित्रिएको छ।

मंसिर मसान्तमा उपभोक्ता मुद्रास्फिति ७.३८ प्रतिशत कायम भएको छ। जबकि, कात्तिकमा यस्तो मुद्रास्फिति ८.०८ प्रतिशत पुगेको थियो। व्यापार घाटा १८.८ प्रतिशतले न्यून भएको छ। विस्तृत मुद्राप्रदाय १.९ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाको निक्षेप २.२ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा १.६ प्रतिशतले बढेको तथ्यांक छ।

उपरोक्त तथ्यांकले मुलुकको अर्थतन्त्रमा सुधारको आशा जगाएको छ। विश्वव्यापी बनेको कोरोना महामारीका कारण थलिएको अर्थतन्त्र विस्तारै उठ्न लाग्दा रुस–युक्रेन युद्धलगायत कारणले पुनः समस्यातर्फ उन्मुख बनेको थियो। पछिल्लो समय यसमा सुधार देखिनुलाई सकारात्मकरूपमा लिनुपर्छ। तर, अझै पनि अर्थतन्त्रको संकट टरेको छैन। चालु आर्थिक वर्षमा लक्ष्यअनुसार राजस्व संकलन गर्न नसक्दा चालु खर्च व्यवस्थापनमै सरकारलाई दबाब परिरहेको छ। चालु खर्च भने लगातार बढिरहेको छ। पुँजीगत खर्चमा सुधार ल्याउन सरकारले सकेको छैन। अर्थतन्त्र अझै पनि विभिन्न समस्याहरूमा जेलिएको अवस्था छ।


त्यसैले अहिले नै अर्थतन्त्र संकटबाट मुक्त भइसक्यो भनेर ढुक्क हुने अवस्था छैन। भर्खरै गठन भएको नयाँ सरकारले अर्थतन्त्रको सुधारलाई मूल एजेण्डा बनाएको छ। त्यही लक्ष्यमा सरकारले आफ्नो कार्यक्रम केन्द्रित गर्न जरुरी छ। यो लक्ष्यमा पुग्न स्थिर सरकारको खाँचो छ। त्यसैले सत्ता गठबन्धनमा रहेका दलहरू सरकार परिवर्तनको खेलमा नलागी मुलुकको अवस्था सुधारमा गम्भीर हुन जरुरी छ। अर्थतन्त्रमा पछिल्लो समय देखिएको सुधारलाई निरन्तरता दिन सरकारले प्रतिबद्धताका साथ काम गर्नुपर्छ। अन्यथा पुनः संकट दोहोरिने निश्चित छ।

# 'विसंगत बस्ती'को सुगन्ध



प्रभा पोखरेल

भनिन्छ, साहित्य समाजको ऐना हो। समाज परिवर्तनको वाहक हो। जीवन र जगतको अनुभूतिको संगालो पनि हो। लामा छोटा अनेकौं विधाका रूपमा मानवीय अन्तरहृदयबाट साहित्यको प्रस्फुटन हुने गर्दछ। जब हरेक मानवको अनुभव, रुचि, दृष्टिकोण परिपक्व हुँदै जान्छ अनि निरन्तरको साधनापश्चात् साहित्य सिर्जनाको जन्म हुन्छ। यही बाटो हुँदै विसंगत बस्तीको जन्म भएको रहस्य कृतिको अध्ययनबाट बुझेकी हुँ।




> सात्विक साधनारत जीवन व्यतीत गर्दै जीवन र जगतका आध्यात्मिक एवं भौतिक तत्वसँग साक्षात्कार गर्दै द्रष्टा हुँदै स्रस्टामा परिणत उनी समकालीन नेपाली साहित्यमा आफूले जीवनका वसन्त पार गर्ने क्रममा गरेका अनुभव र अनुभूतिको संगालो मुक्तक विधामा कलम चलाएर साहित्य समाजको ऐना हो भन्ने कुरा चित्रण गर्न सफल देखिन्छन्। उनले चेतनशील प्राणी मानवबस्तीमा बगेका दुर्गन्धित खोल्सामा खाली नुनिला आँशुमात्र होइन राजनीतिक ठिही र कुण्ठा, सामाजिक विभेदको डंगुर अनि अहमताको उडन्ते विचारले जकडिएको बस्ती देखेर दुःखी बन्दै सरल शब्दगुच्छाको माध्यमबाट सन्देशात्मक प्रस्तुति दिएका छन्।

साहित्यका विविध विधामध्ये मुक्तक विधाको नामबाट बजारमा आएको यस कृतिका सर्जक साहित्यकार ऋषि बस्ताकोटी हुन्। पेसाले उनी वरिष्ठ वातावरण विज्ञको रूपमा कार्यरत भएता पनि रुचि र साधनाको क्षेत्र भने साहित्यका विविध विधाको अध्ययन र सिर्जना गर्नु रहेको छ। खाने मुखलाई जुँगाले छेक्दैन भनेजस्तै उनले प्रवासी व्यस्त जीवनमा गास, बास र कपासको तर्जुमाबाट बचेको समयलाई सदुपयोग गरी मौलिक एवं चोटिला मुक्तक समेटिएको कृति पाठकहरूको लागि सम्प्रेषण गरेका छन्।

केही समय अगाडि कृति मेरो हातमा परेपछि शीर्षकले नै बढी कौतुहलता जगाएर अध्योपान्त पढेँ। आयमका हिसाबले छरितो तर वजनदार रहेको यस कृतिभित्र मूलतः ए ए बि ए को संरचनामा टेकेर शब्दमा फराकिलो भाव समेट्दै शिल्प, शैली, भाव, विचार र अनुभूतिको चतुष्पदीय गहकिलो सन्देशात्मक संगठन रहेको पाएँ। पछिल्लो समयमा नेपाली साहित्य आकाशका एक कर्मठ कवि, गजलकार तथा मुक्तककारको रूपमा जम्न सफल प्रवासी जीवन अमेरिका जस्तो घडीको सुईसँग हिँड्नुपर्ने देशको सरकारी कामकाजको गहन जिम्मेवारीमा रहेर पनि नेपाली भाषा र साहित्यको उन्नयनमा उनको लगाव र लगानी परिमाणात्मकभन्दा पनि गुणात्मक कसीमा हालेर जोख्दा निकै ओजपूर्ण भेटिन्छ।

मेरो पाठकीय दृष्टिकोण इमान्दारितापूर्वक राख्नुपर्दा उनको कृति विसंगत बस्तीको अध्ययनको क्रममा भेटेको सुगन्ध जे जति रसास्वादन गर्ने गच्छेअनुसार क्षमता राखेँ त्यो मेरो काल्पनिक मन गढन्ते गन्थन नभई वास्तविक दुर्गन्धित बस्तीभित्र छिरेर लेखक स्वयंले बटुलेको सिर्जनात्मक सुगन्ध हो। कुनै पनि विधामा कलम चलाउने लेखकको आफ्नै वैशिष्ठ्य हुन्छ। सात्त्विक साधनारत जीवन व्यतीत गर्दै जीवन र जगतका आध्यात्मिक एवं भौतिक तत्त्वसँग साक्षात्कार गर्दै द्रष्टा हुँदै स्रस्टामा परिणत उनी समकालीन नेपाली साहित्यमा आफूले जीवनका वसन्त पार गर्ने क्रममा गरेका अनुभव र अनुभूतिको संगालो मुक्तक विधामा कलम चलाएर साहित्य समाजको ऐना हो भन्ने कुरा चित्रण गर्न सफल देखिन्छन्। उनले चेतनशील प्राणी मानवबस्तीमा बगेका दुर्गन्धित खोल्सामा खाली नुनिला आँशुमात्र होइन राजनीतिक ठिही र कुण्ठा, सामाजिक विभेदको डंगुर अनि अहमताको उडन्ते विचारले जकडिएको बस्ती देखेर दुःखी बन्दै सरल शब्दगुच्छाको माध्यमबाट सन्देशात्मक प्रस्तुति दिएका छन्। एक इमान्दार सपुतले जहाँ पनि बोल्नु पर्दा माटो नै बोल्छ। उनी नेपाल आमाका कर्मठ सन्तति हुनाले माटो र मुटुको सम्बन्ध यसरी अभिव्यक्त गर्छन्-

*माटोको पुजारी हो, ऊ धर्तीकै पुत्र हो*
*जे गाउँछ उसले, त्यो धर्तीकै स्तोत्र हो*
*माटोमै मितेरी लगाई पुस्तौंपुस्ता गुजाऱ्यो*
*पुस्तान्तर हुँदै सिकेको त्यो जीवनसूत्र हो।*

जन्मेको माटोसँगको सम्बन्धका बारेमा हरेक सन्ततिले यसरी बुझिदिएको भए आज आमाको छाती कति फराकिलो हुन्थ्यो होला। तर, सत्मार्ग भुलेर हिँड्दाको दुर्गतिको सिकार हुँदा हेरौं त कस्तो छ ? देशको हालत। यो चिन्ता र चिन्तन मात्र होइन विसंगतिमाथिको लेखकको दृष्टिकोण यति ओजपूर्ण छ कि, जुन कुरा यसरी प्रकटित हुन्छः

*न संविधानको धाराले केही गऱ्यो*
*न त हजुरको पाराले केही गऱ्यो*
*भित्री कुरा त भोगेपछि थाहा भयो*
*न हात्तीका देखिने दाह्राले केही गऱ्यो।*

झुटको खेतीमा रमाउने राजनीतिक बस्तीमा लुसुक्क छिरेर टिपेको यो सुगन्धले पढ्दा निकै मन छोयो। यो आजको सामाजिक परिवेशको यथार्थ चित्रण हो। हरेक विषयलाई सूक्ष्मरूपमा नियालेर ऐनाजस्तो छर्लंग प्रतिविम्बित गर्न सक्ने उनी दुनियाँमा संघर्षशील सफल जीवनयापन गरेर समाजमा उदाहरणीय बनेका मान्छेका बारेमा यसो भन्छन्। हिलोमा फुलेको कमलको उपमा दिँदै-

*लहराहरूझैं लस्केको मानिस हो ऊ*
*चोटहरूबाट चम्केको मानिस हो ऊ*
*दुःखहरूले पनि दुखाउँदैन उसलाई*
*हिलोको कमलझैं गम्केको मानिस हो ऊ।*

सफल मानिसको इतिहास हिलोमा फुल्ने कमलको भन्दा कमी हुँदैन भन्ने कुरो मनन् गर्दै सबैलाई दुनियाँले पुच्छर निमोठे पनि सुकर्मले संसार जित्न सकिन्छ, शिर उच्चो राख्न सकिन्छ भन्छन्। घुम्दै जाँदा दुखेका घर मरेका मनमा छुन पुगेपछि भन्छन्-

*कहिले गाउँ दुख्छ त यहाँ, कहिले सहर दुख्छ*
*कुर्दाकुर्दै देउरालीमा सान्नानीको रहर दुख्छ*
*जब जहाज चढेका सपना बन्द बाकसमा फर्कन्छन्*
*तब के दुख्दैन यहाँ, सबको घरघर दुख्छ।*

देशको दुरावस्था अनि दर्बिला पाखुरीले सीमापारी भोगेको सास्तीको संकेत गर्दै राता बाकसमा फर्केका शून्य मनहरूको यथार्थ सामाजिक चित्रण मजाले गर्दै फेरि उनी घुम्दाघुम्दै आमाकै काखमा पुग्छन्।

*अदम्य साहस, अठोट र जाँगर हुन् मेरी आमा*
*सन्तानका लागि नरित्तिने सागर हुन् मेरी आमा*
*बचेराले वेग हानेपछि गुँड रूँगीबसेकी चरीझैं*
*नदीले छाड्दै गएको एकान्त बगर हुन् मेरी आमा।*

आमा को हुन् ? आमाको त्याग र बलिदान के हो ? वात्सल्य प्रेम कस्तो छ ? भन्ने कुरा बुझेर बुझाउन खप्पिस ऋषि बस्ताकोटी एक सशक्त गजलकार हुन् भन्ने कुरा अब्बल साहित्यकारहरूले पुष्टि गरिसकेका छन्।

समग्रमा विसंगत बस्ती अध्ययनपश्चात् उनीप्रति मेरा पाठकीय दृष्टिकोण मात्र संक्षिप्तरूपमा राखेकी हुँ। न म कुनै विश्लेषक हुँ, न समालोचक। तर पनि कृतिको भावले मन छोएपछि नलेखी बस्न सकिँदो रहेनछ। जे भेटेँ, जे बुझेँ, त्यही कुरा लेख्नु आफ्नो धर्म सम्झिन्छु। यसभित्र सरल सुबोध भाषाशैली छ। हरेक मुक्तक पढ्दा लाग्छ सरलताभित्र मौलिकता, सूक्ष्म विषयवस्तुको उठानसँगै विचारको प्रधानता, गहन भावको सघनता, प्रभावमूलक सन्देश, चखिलो, घुमाउरो कलात्मक प्रस्तुति हुँदै मुक्तक विधामा हुनुपर्ने शिल्प र शैलीको तादात्म्यता मैले बुझेसम्म भेटेकी छु। हरेक मुक्तकमा समेटिएका विषय विम्ब हाम्रा वरिपरिका देखे भोगेका अनुभूत गरेका मन छुने र आफ्नै जीवनसँग पनि मेल खाने विषय छन्।

चेतनशील बस्तीभित्र नमिलेका आर्थिक, सामाजिक, राजनीतिक, चारित्रिक, वातावरणीय, जातीय विभेदलगायत देश भक्तिभावजस्ता बृहत् अनि सम्बन्ध सम्पर्क जस्ता सूक्ष्म कुराको उठान गर्दै उनले कलात्मक ढंगले प्रस्तुति दिएको पाइन्छ। कृति पठनीय छ सिर्जनामा रुचि राख्ने सर्जकका लागि यो कृति। एक गुरु थापेर अघि बढ्न यसर्थ सकिन्छ कि हरेक मुक्तकको शीर्षकीकरण गरी सम्बन्धित विषयमा भावनाको मसिनो चिन्तन गर्दै बान्किलो शब्द संयोजन रहेको छ। यसले गर्दा लेख्न चाहनेलाई सोचको सीमा निर्धारण गर्न सजिलो हुन्छ। मलाई पनि यही कृतिले डोऱ्याइरहेको हुँदा यसो भनेकी हुँ। यो लेखनी यात्राले सफलताको शिखर थप चुम्दै अगाडि बढोस् अन्य कृतिहरू जन्मदै जाऊन् भन्ने शुभेक्षा व्यक्त गर्दै कलमलाई विश्राम दिन्छु। जदौ॥

*- नर्थ क्यारोलिना, अमेरिका*

## मननयोग्य

### चाणक्य नीति

एउटा अर्को कुरामा अरु ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु। राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो। जुन शासकले विषपान गरी अमृत ओकल्दछ(छाड्दछ) त्यही राजाले राज्यको सञ्चालन राम्ररी गर्न सक्छ।

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो। यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो। चाणक्य सतर्क भए। विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिसको रहेछ सोधे। प्रहरीले कुनै सिकारी आफ्नो नाउँ वनराज भन्ने बताउँछ भन्यो। पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए। आउने व्यक्ति चाणक्यद्धारा प्रमुख गुप्तचर त्रिनेत्र थिए।

षडयन्त्रको जाली बनाउने कहिलेकाही आफै जालोमा फस्न पुग्दछ भनेझैं यहाँ पनि त्यस्तै नै भयो। राजवैद्यले आफ्नो प्यालाबाट चन्द्रगुप्तलाई औषधिको सट्टा विष पिलाउन लाग्दा ... त्यसैबखत 'रोक ...' आवाज सुनियो।

यस्तो प्रभावशाली आवाज सुन्नासाथ चन्द्रगुप्त र राजवैद्य दुवै चकित पर्दै आवाज आएको ठाउतिर हेर्न लागे। उताबाट चाणक्य कोठाभित्र आउँदै थिए। 'गुरुदेव ! हजुर यहाँ ?' मलिनो स्वरमा चन्द्रगुप्तले भने। चाणक्यलाई आवश्यकताका प्रत्येक पलमा खडा पाउँछौ। चन्द्रगुप्त ! राजाले निद्रामा पनि बिउँझनुपर्छ। अस्वस्थ हुँदा पनि मस्तिष्कलाई चैतन्ययुक्त बनाउँदै तरोताजा हुनुपर्दछ। तर, म देख्दछु कि तिम्रो मस्तिष्क पनि थाकेजस्तो छ। यस्तो समयमा झन् बढी सतर्क हुनुपर्छ। तुरुन्त कसैलाई पनि भर-विश्वास गरिहाल्नुहुँदैन। यसले राजालाई हानि गर्दछ।

अब राजवैद्यलाई लाग्यो उसमाथि चट्टान नै फुट्न लाग्यो। आश्चर्य मान्दै चन्द्रगुप्तले सोधे- 'मैले कुरो बुझिन गुरुदेव !'

उनलाई सम्झाउँदै चाणक्यले भने-'तपाईले परीक्षण गरेपछि मात्र खाने पिउने गर्नुपर्छ। आफूले खान लागेको वस्तु हानिकारक छ कि ? विचार पुऱ्याउनुपर्छ।' क्रमशः

## पत्र-मञ्जुषा

# ओलीलाई पछार्ने देउवा रणनीति !

देशको राजनीतिमा सधैं नसोचिएका घट्नाहरू हुँदै आएका छन्। र, यसपटक पनि राजनीतिक दलहरूबीचको गठबन्धनमा भएको अदलबदलले नेपाली जनतालाई मात्र नभई विश्वलाई नै अचम्मित पारेको छ। त्यसो त राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैनन् भनिन्छ, त्यो वास्तवमै पुष्टि भएको छ।

२०७४ फागुन ३ गते केपी शर्मा ओली प्रधानमन्त्री हुने बेलामा लिखित सम्झौता भएको थियो। पाँच वर्षमा आधाआधा कार्यकाल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र ओलीले चलाउने भनेर सहमति जनाइएको थियो। ३० महिना पुगेपछि दाहालले प्रधानमन्त्री पद मागे। तर, ओलीले सरासर इन्कार गरे। दाहालसँग गरेको लिखित सम्झौतालाई नै ओलीले मानेनन्।

न पार्टीको अध्यक्ष छोडे, न प्रधानमन्त्री। ओलीबाट भएको विश्वासघातका कारण दाहाल रन्थनिए। ओलीले दाहाललाई भित्तामा पुऱ्याउन खोजेका थिए। तर, दाहाल र माधवकुमार नेपाल मिलेर ओलीको पार्टीको सदस्यसमेत खारेज गरिदिए। त्यही झोकमा आएर ओलीले दुईपटक संसद् विघटन गरिदिए। प्रधानमन्त्री दाहाललाई दिनुपर्ने तथा आफ्नो पद गुम्ने देखेपछि उनले दुई-दुई चोटि संसद् विघटन गरेका हुन्। दाहालले आफूले प्रधानमन्त्री खाएनन्। बरु, दाहाल-नेपाल मिलेर नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाइयो।

२०७९ मंसिर ४ गतेको चुनावमा नेकपा एमालेलाई जनताले पत्याएनन्। जनताले बहुमत नदिएपछि बनिबनाऊ पाँच दलको गठबन्धन फुटाएर ओलीले दाहाललाई प्रधानमन्त्रीमा समर्थन गरे। ओली र दाहालको सम्झौता आधाआधा कार्यकाल प्रधानमन्त्री खाने सम्झौता भएको बताइन्छ। अन्य पदमा पनि यी दुई पार्टीबाट भागबण्डा मिलेर सहमति जनाइएको एमालेका सांसदहरू बताउँछन्।

हिजो ओलीले दाहाललाई दिएको धोकाबाट सबै जानकार छन्। माओवादीका नेतालाई पनि थाहा छ सर्वसाधारणले पनि राम्ररी बुझेका छन्। माओवादीका कार्यकर्ताहरू एमालेलाई सभामुख र राष्ट्रपति दिन नहुने धारणा राख्छन्। साढे दुई वर्षपछि एमालेलाई सरकार हस्तान्तरण पनि गर्नु हुँदैन भन्नेमा कार्यकर्ताहरूको जोड छ। हिजो दिएको धोकाको तिरो एमालेले तिर्नुपर्ने उनीहरू बताउँछन्। माओवादीका कार्यकर्ताले भनेअनुसार र कांग्रेसले दाहाललाई विश्वासको मत दिएअनुसार अब सभामुख, राष्ट्रपति र उपराष्ट्रपतिमा कांग्रेस आउँछ।

माओवादीले कांग्रेसलाई समर्थन गर्ने निश्चित छ। दाहाल र देउवाको आधाआधा सरकार चलाउने भनेर गोप्य सम्झौता भएको भनी कांग्रेसका कार्यकर्ताहरू बताउँदै आएका छन्। दुई वर्ष दाहाल, दुई वर्ष देउवा र एक वर्ष नेपालले चलाउने सहमति भएको कुरा यसअघि नै बाहिर आएको हो। कांग्रेसले विश्वासको मत दिँदा दाहाल खुसीले गद्गद् भएका थिए। त्यति खुसी त उनी एमालेले समर्थन गर्दा पनि भएका थिएनन्। समय बित्दै गए पनि दाहालले धोका बिर्सन सकेका छैनन्।

ओलीको चालदेखि दाहाल पूरै जानकार छन्। माओवादीका कार्यकर्ताहरू एमालेलाई धेरै मन्त्रालय दिन नहुने र विष्णु पौडेललाई अर्थमन्त्रीबाट हटाउनुपर्ने बताउँछन्। कांग्रेसले दाहाललाई समर्थन गरेर विश्वासको मत दिनेबित्तिकै ओलीको अनुहार हेर्नेलायक बनेको थियो। उनी निलोकालो भएका थिए। ओलीले समेत आफू प्रधानमन्त्री पाउँदिन भनेर पत्तो पाइसकेका थिए।

दाहाल र देउवा मिलेर ओलीको रणनीति तहसनहस पारिदिने त होइनन् भन्ने आशंका जन्मिएको छ। अहिले प्रदेशमा एमालेका मुख्यमन्त्री आएका छन्। केही महिनापछि मुख्यमन्त्री फेरिने छन्। माओवादी, कांग्रेस वा एकीकृत समाजवादीका मुख्यमन्त्री आउने छन्। सभामुख र उपसभामुख पनि एमालेले पाउँदैनन्। माओवादीले कांग्रेसलाई मतदान गर्छ। जुन सपना देखेर ओलीले दाहाललाई आफ्नो गठबन्धनमा ल्याएको थियो, त्यो चकनाचुर हुने सम्भावना बढेको छ।

देउवाले ओलीको सपनामाथि पानी खन्याइदिएको चर्चा हुन थालेको छ। पाँच दलीय गठबन्धन फुटाएर प्रधानमन्त्री बन्छु भनेर हिँडेका ओलीको जालो तोड्न देउवा कति सफल होलान् त्यो हेर्न बाँकी नै छ। जम्मा ३२ सिट ल्याएको पार्टीको अध्यक्ष अहिले देशको प्रधानमन्त्री छन्। पहिलो नम्बरमा आएको पार्टीसमेत दाहालकै पछिपछि हिँडेको छ। दाहालले यसरी अन्य पार्टीको राजनीति खाइदिन्छन् भनेर कसैले पनि सोचेका थिएनन्। आधाआधा कार्यकाल कांग्रेस र माओवादीले बाँडफाँड गर्छन् भन्ने जनताले सोचेका थिए। त्यस्तै, सभामुख, उपसभामुख, राष्ट्रपतिको भागबण्डा पनि त्यसरी नै होला भनिएको थियो। तर, ओलीले जालो हालिहाले। उनले दाहाललाई आफूपट्टी ताने तर यो गठबन्धनको आयुमाथि अहिले नै प्रश्न उठिसकेको छ। कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिएपछि आशंका वास्तविकतातर्फ मोडिने सम्भावना पनि बढेको छ। यसो भयो भने एमाले फेरि एकपटक नराम्ररी पछारिने देखिन्छ।

***– असलमान खत्री, रामेछाप***

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.



**थारू संस्कृति** | थारु तिला संक्रान्ति माघी महोत्सव–२०७९ मा शनिबार थारु वेशभूषामा सजिएर सहभागी हुँदै थारु युवतीहरू ।

*तस्बिरः विश्वनाथ ठाकुर/रासस*

# माघी पर्व उल्लासपूर्वक मनाइँदै

**सुदूरपश्चिम–** *'सखिय हो, माघकी गुरीगुरी जाँर...., सखिय हो...।*
*मुरिया लहैना गैली, ए है पनघँटिया रे हाँ ....॥'*

(आर्थात् सखिया नाच खेल्दै गर्दा माघ महिनामा बनाइने स्वादिलो जाँड, पानीको जलासयमा नुहाउन गइयो)

थारु समुदायमा यतिबेला 'माघी पर्व' को चहलपहल सुरु भएसँगै गाइने प्रस्तुत पुरानो गीत अहिले पनि जनजिब्रोमा छाउने गरेको छ । यो पर्वमा धमार र डुम्रु नाच पनि उतिकै लोकप्रिय भए पनि सखिया नाचको गीतले थारु वस्तीमा यतिबेला रौनक छाउन थालेको छ ।

पश्चिम नेपालको दाङदेखि कञ्चनपुरसम्म बसोबास रहेको थारु बस्तीमा मादलुको तालमा खेलिने सखिया नाचले सबै उमेरका व्यक्तिमा नयाँ उमंग एवं उत्साह जगाउने गरेको छ । सखिया नाचले थारु समुदायको सदियौं देखिको वेशभूषा, परम्परा र लोकसंस्कृति झल्काउने गरेको थारु अगुवा मानबहादुर चौधरी बताउँछन् । पुस्तौँदेखि मनाइँदै आएको ठूलो चाड माघी पर्व मनाउन थारु समुदायका घरमा विषेश तयारी भइरहेको छ ।

कैलालीको कैलारी गाउँपालिका बिसनपुर गाउँका भलमन्सा रहेका चौधरीले भने, 'नयाँ वर्षको रूपमा माघी पर्वलाई उत्सवको रूपमा मनाइन्छ, घरमा पकाइएका खानाका मिठा परिकारको खानपिन र नाचगान गरेर रमाइलो गरिन्छ ।' थारु समुदायमा गाउँको मुख्य व्यक्ति भलमन्साले दिने सल्लाह सुझावअनुसार माघी पर्व मनाइने गरिन्छ ।

'गाउँको भलमन्साले दिने सल्लाहअनुसार माघी पर्व मनाउन तयारी गरिएको छ,' उनले थपे, 'भलमन्साको सल्लाहभन्दा बाहिर गएर कसैले पनि आफूखुसी गर्न पाइँदैन ।' माघिको अघिल्लो दिनमा नै मासुको व्यवस्थापन गरिसक्नुपर्छ । मासुको जोहोसँगसँगै आफ्नै घरको अनाज प्रयोग गरी जाड, ढिक्रीजस्ता खानाका मिठा परिकार पकाउन थारु महिलाको व्यस्तता पनि बढ्ने गर्छ ।

स्थानीय सञ्चारकर्मी प्रेम चौधरीले भने, 'पर्वको अघिल्लो दिन शनिबार घरघरमा बंगुर मारेका छन् । पर्व मनाउन विवाहिता छोरी आफ्नो माइती घरमा आइसकेका छन् ।'

माघी पर्वसँगै गाउँको मुख्य व्यक्तिको रूपमा रहने भलमन्सा (बडघर) लगायत पदमा छनोट हुने गर्छ । ठूलो र संयुक्त परिवारमा घरको सम्पूर्ण जिम्मेवारी वहन गर्नसक्ने घरमुली पनि यसै पर्वमा छनोट गरिन्छ । मलमन्सा प्रथाको ठूलो महत्त्व हुन्छ । सकेसम्म सर्वसहमतिमा र त्यसो हुन नसके निर्वाचन वा गोलाप्रथाले पनि भलमन्सा छनोट गर्ने गरिन्छ ।

भलमन्साको मातहतमा रहने गरी हुलाकीको काम गर्ने चिरकिया (चौकीदार), वैद्यको काम गर्न गुरुवाको छनोट हुने गर्दछ । यी व्यक्तिले समग्र गाउँको संरक्षण, विकास निर्माणका काम, कुलोपानी, बिजुलीबत्तीको व्यवस्था, गाउँघरमा आइपर्ने समस्या समाधानका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने गर्दछन् ।

भलमन्सा पदको जिम्मेवारी वहन गर्ने व्यक्तिलाई पारिश्रमिकमाफत कतिपय बस्तीमा गाउँलेहरूको निर्णयअनुसार खाद्यान्न उपलब्ध गराउने परम्परा पनि छ । भलमन्साले लाए अह्राएका काम गाउँका अन्य सदस्यले मान्नुपर्ने बाध्यात्मक अवस्था हुन्छ । यस्तो प्रचलनका कारण नै गाउँको अनुशासन कायम हुने र सामूहिकतामा काम गर्ने सदियौंदेखिको प्रचलनलाई उजागर गर्ने गरेको छ । त्यसले गाउँको एकता र सामूहिकताको विकास हुने र अर्कोतिर गाउँको अनुशासन पनि कायम हुने बुझाइ छ । वर्षभरि गाउँ ठाउँमा भए गरेका गतिविधिको हिसाब किताब गर्ने, चुक्ता गर्ने, नयाँ खाता सञ्चालन गर्ने काम गर्ने हुँदा यो समुदायमा माघी पर्वलाई नयाँ वर्षको रूपमा मनाउने गरिएको बताइन्छ । गाउँ सञ्चालन गर्न नयाँ नीति नियम बनाउने, नेतृत्व छनोट गर्ने, वर्षभरिको कामको समीक्षा गर्ने र नयाँ योजनाअनुसार अगाडि बढ्ने काम गर्छन् । *रासस*

## माघी पर्वको रौनक

# बडघर चयनदेखि वार्षिक समीक्षासम्म

■ **शेरबहादुर सिंह/महादेव अवस्थी**

*महेन्द्रनगर– 'हर साल आउँछ माघी, माघी जान्छ आफ्नै सुरमा*
*खुसियाली छ दाङमा, खुसियाली कञ्चनपुरमा*
*हर साल आउँछ माघी, माघी जान्छ आफ्नै सुरमा'*

यो गीतको हरफजस्तै सुदूरपश्चिमको कैलाली र कञ्चनपुरका थारू बस्ती यतिबेला माघी पर्वको रौनकले छपक्कै छोएको छ । हरेक वर्ष आउने थारू समुदायको प्रमुख पर्व माघी आफ्नै सुरुमा आउने र जाने गरेको इतिहास परापूर्वकालदेखि रहेको थारू अगुवाहरूको भनाइ छ । माघीलाई थारू समुदायको प्रमुख चाडमात्रै नभएर नयाँ वर्षका रूपमासमेत विविधरूपमा मनाउने गरिएको छ ।

थारू समुदायका गाउँबस्तीमा बालबालिकादेखि पाका पुस्तासम्म माघीकै रौनकमा रमेका छन् । माघीको अघिल्लो दिनदेखि सुरु हुने सप्ताहव्यापी यो पर्वमा थारू समुदायले विभिन्न खानाका परिकारलाई बढी जोड दिन कुटानीपिसानी गर्ने, नयाँ लत्ताकपडा किन्ने र गाउँघरको सरसफाइ गर्ने काम धमाधम गरिरहेका छन् ।

कञ्चनपुरका थारू अगुवा बलबहादुर डगौराले माघी पर्व पौराणिककालदेखि चलिआएको परम्परा भएको बताए । 'यो पर्वमा थारूसँगै विगतमा सबैले नयाँ वर्षका रूपमा मनाउने गर्दथें,' उनले भने, 'माघी सबैको नयाँ वर्ष भए पनि थारू समुदायले विशेषरूपमा मनाउने भएकाले थारूको मात्रै नयाँ वर्ष जस्तो हुँदै गयो ।' उनले यो बेला थारू समुदायभित्र युवा पुस्ता भने परम्परागत पर्वको शैली मनाउने तौरतरिकासित टाढिँदै गएकोप्रति चिन्ता व्यक्त गरे ।

'माघी पर्वसँगै कला संस्कृति जगेर्ना हुने माध्यम पनि हो,' उनले भने, 'यसमा परम्परागत पहिरनदेखि परिकारसम्मको प्रयोग हुन्छ ।'

'के बुढा के तन्नेरी सब एकै ठाउँ भेला,
'वर्ष दिनको पसिनालाई आज सुकाएर, मीठो खाने राम्रो लाउने, रहर फुकाएर, बल्ल आयो वर्ष दिनमा यति राम्रो चाड, हाम्रो घर निकाखेर बटुलीमा माड, कटौरीमा मासु अनि बटुकीमा जाँड,
बल्ल आयो वर्ष दिनमा यति राम्रो चाड, आफू पनि खाइदे साथी अरूलाई नि बाड, आज छैन कहीँ चिसो चुलो धुवाँ उठ्यो धुर धुरमा, हरसाल साल आउँछ माघी, माघी जान्छ आफ्नै सुरुमा...

माघीमा संस्कृतिको संरक्षण गर्दै आएका थारू समुदायले माघी पर्वका अवसरमा छोराछोरीको बिहे, अंशबण्डा र खेतीपातीको वार्षिक योजना निर्माणसमेत गर्ने गरेको परम्परा छ । थारू समुदायले माघी पर्वका अवसरमा विशेषतः ढिक्री, अन्धीको रोटी, सुँगुरको मासु, लोकल रक्सी, तरुल, सक्खरखण्ड र फर्सी उसिनेर खाने चलनसमेत रहिआएको छ । माघीको अघिल्लो रात सुँगुर काटी मासु खाने गरिन्छ, जसलाई थारू भाषामा 'जिता मरना' भन्ने प्रचलन रहेको छ । त्यस रात थारू समुदाय मासु, जाँड र ढिकरी खाई रातभर जाग्राम बसेर 'मघौटा' नृत्यमा रमाउने गर्दछ ।

माघीको दिन (माघ १ गते) झिसमिसेमै उठेर नदी, जलाशयमा गई लोटामा सिक्का राखिएको पानीले नुहाउने र नुहाइसकेपछि सिक्का लुटाउने प्रचलन रहेको थारू अगुवा सीता चौधरीको भनाइ छ ।

त्यसैगरी थारूले माघी विशेष शुभकामना आदानप्रदान कार्यक्रमसमेत शुक्रबार यता गर्दै आएका छन् । 'वर्षभरिको कामको समीक्षा हुनेदेखि बडघर चयनसम्मको काम यही माघी विशेषमा हुन्छ,' चौधरीले भने, 'तर विगतको भन्दा यसको रौनकतामा भने कमी आउँदै छ ।' उनले माघीका अवसरमा तिलको आगो ताप्नाले वर्षभरि अञ्जानवश गरिएको पाप नाश हुने धार्मिक मान्यतासमेत रहेको बताए ।

माघको दोस्रो दिन खिचडी बनाई खाने चलन रहेको छ । यो दिनलाई 'खचिरहवा' समेत भन्ने गरिन्छ । माघी महोत्सवमा थारू संस्कृति झल्काउने परम्परागत हस्तकला प्रदर्शनी, पहरिन, वेशभूषा, थारूहरूको मौलिक खानाको परिकार घोंघी, ढिक्रीलगायत फुड फेस्टिवल एवं सांस्कृतिक झाँकी, नाचगान जस्ता कार्यक्रम प्रस्तुत गर्ने गरिन्छ । 'थारू समुदाय कला संस्कृतिको दृष्टिकोणले अत्यन्तै धनी छ,' चौधरीले भने, 'पर्व मनाएरभन्दा पनि यसको संरक्षणमा स्थानीय पालिकाले पनि विभिन्न योजना ल्याउनु आवश्यक छ ।' *रासस*

# पूर्वप्रधानमन्त्री आचार्यको घरलाई संग्रहालय बनाइने

**नवलपरासी (प्रस)–** पूर्वप्रधानमन्त्री स्व. टंकप्रसाद आचार्यको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को सदरमुकाम परासीस्थित जन्मघरलाई संग्रहालय बनाइने भएको छ । नेपाल प्रजा परिषद्का संस्थापक अध्यक्षसमेत रहेका उनको करिब १०० वर्ष पुरानो जीर्ण घरलाई संग्रहालय बनाउन लागिएको हो ।

लुम्बिनी प्रदेश सरकारको ५० लाख रूपैयाँको लगानीमा संग्रहालय बनाउने योजना अघि बढाइएको हो । 'घर निकै जीर्ण छ, जीर्णोद्वार गर्न असम्भव देखिन्छ । उस्तै नयाँ घर बनाएर संग्रहालयमा परिणत गर्ने योजना छ,' टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठानका सदस्य एवं लुम्बिनी प्रदेश सरकारका पूर्वआर्थिक मामिलामन्त्री वैजनाथ चौधरीले भने ।

जीर्ण बनेको उक्त घरलाई २०७२ सालमा गएको भूकम्पले थप क्षति गरेपछि स्थानीयले संरक्षण गर्न माग गर्दै आएका थिए । 'तीन दशकदेखि घरको संरक्षणको माग गरिँदै आएको थियो,' चौधरीले भने । स्व. आचार्यको घर परासीको गौरव भएकाले संग्रहालयका रूपमा परिणत गर्ने योजना अघि बढाइएको उनको भनाइ छ ।


प्रदेशसभा सदस्य वैजनाथ जैसवालले पुरातत्त्व विभागसँग समन्वय गरेर काम अगाडि बढाउनुपर्नेमा जोड दिए । उनले स्व. आचार्यको घरको जीर्णोद्धार गर्न जरुरी भएको उल्लेख गर्दै आवश्यक परे थप बजेटका लागि प्रदेश सरकारसँग पहल गर्ने बताए । स्व.आचार्यको जन्म वि.सं. १९६९ मा भएको थियो । उनको २०४५ सालमा निधन भएको थियो । उनी २०१२ सालमा मुलुकको प्रधानमन्त्री बनेका थिए ।

# उपसभामुख दनुवारले लिइन् शपथ

**विराटनगर (प्रस)–** प्रदेश १ की नवनिर्वाचित उपसभामुख सिर्जना दनुवारले पद तथा गोपनीयताको शपथ लिएकी छन् । प्रदेशका सभामुख बाबुराम गौतमले शनिबार प्रदेश प्रमुखको कार्यालय विराटनगरमा उपसभामुख दनुवारलाई शपथ गराएका हुन् ।

सभामुख गौतमले नेपालको संविधानको धारा १८२ को उपधारा (१) तथा प्रदेश १ को नियमावली २०७४ (पहिलो संशोधनसमेत)को नियम ९ बमोजिम उपसभामुख पदमा बहुमतबाट निर्वाचित भएकी दनुवारलाई सोही नियमावलीअनुसार पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन् ।

शपथ ग्रहण समारोहमा प्रदेश प्रमुख परशुराम खापुङ, मुख्यमन्त्री हिक्मतकुमार कार्की, प्रदेश मन्त्रिपरिषद्का सदस्य, निवर्तमान मुख्यमन्त्री राजेन्द्रकुमार राई र प्रदेशसभाका सदस्यको उपस्थिति रहेको थियो । उपसभामुख दनुवारले शनिबार नै पदभार ग्रहण गरेकी छन् ।




**महाभारत गाउँपालिका**
**स्वास्थ्य शाखा**
**बागमती प्रदेश**
**काभ्रेपलाञ्चोक, नेपाल**

**जाडोबाट बच्ने सम्बन्धमा गाउँपालिकाहरूमा जारी गरिएको अत्यन्त जरूरी सूचना**

- न्यानो लुगाको प्रयोग गरौ ।
- तातो र झोलिलो खानेकुरा खाने गरौं ।
- चिसो कपडा प्रयोग नगरौ ।
- चिसो तथा खुला स्थानमा लामो समय सम्म नबसौं ।
- हिडडुल गरिरहने र सक्रिय भइरहने ।
- बन्द कोठामा आगो र कोइला नबालौ ।
- बालबालिका तथा बृद्ध बृद्धाको विशेष हेरचाह गरौं ।
- विधुतिय उपकरणहरूको प्रयोग गर्दा सावधानी अपनाऔं ।
- बिरामी परेमा तुरून्तै स्वास्थ्य संस्थामा जाऔं ।
- जाडोबाट बच्ने भ्रममा जाँड रक्सी तथा सुर्तिजन्य पदार्थ सुर्ति, चुरोट सेवन नगरौ । जाडोको समयमा सधै न्यानो कपडा लगाऔं ।
- बिना कारण शीतलहरको समयमा घर बाहिर र खुल्ला स्थानमा धेरै समय नबसौ ।
- सुत्ने समयमा न्यानो कपडाहरू- सिरक, कम्बलले टाउको, छाती छोपी न्यानो हुने गरी सुतौ । खाली
- भुइमा नसुतौ खाट पलङको प्रयोग गरौँ ।
- पर्याप्त अक्सीजनको प्रवाह हुने गरी सुत्ने कोठा न्यानो पारी सुतौं ।
- जाडोको समयमा भित्र र बाहिर आगो तापी तर आगलागि हुन नदिने तर्फ सतर्कता अपनाऔं ।
- खाने कुराको पर्याप्त व्यबस्था गरी, गेडागुडी र झोलिलो पदार्थको सेवन गरी ।
- जाडोको समयमा गर्भवती तथा प्रसुती महिला, अशक्त र ज्येष्ठ नागरिक तथा बाल बालिकाको हीतप्रति सचेत बनौं । जाडोको प्रभाव र प्रकोप देखा पर्ना साथ नजिकको स्वास्थ्य चौकीमा सम्पर्क गरौ । विपद् आउनै नदिने तर्फ सजग बनौ ।
- जाडोबाट आफू पनि बचौ अरूलाई पनि बचाऔं ।

# प्रभाव दैनिक

## रूपशाला

### 'दौतरी' बनाउँदै मधुसूदन

मधुसूदन भट्टराईले निर्देशन गर्न लागेको नयाँ फिल्मको नाम 'दौतरी' राखिएको छ । निर्माण युनिटले बिहिबार चलचित्र विकास बोर्डमा फिल्मको नाम दर्ता गर्दै सार्वजनिक गरेको हो । 'दौतरी' नामबाट यस अगाडि पनि नेपाली फिल्म बनेको छ । दयाराम दाहालको निर्देशन रहेको फिल्ममा राजेश हमाल, जल शाह र मेलिना मानन्धरको मुख्य भूमिका रहेको थियो । मधुसुदनले अहिले बनाउन लागेको 'दौतरी' मा आर्यन सिग्देल, मुकुन भुसाल र अभिनेत्री साक्षी लम्सालको मुख्य भूमिका रहनेछ । लक्ष्मण सुवेदीको लेखन रहेको फिल्म जय माँ दुर्गा फिल्मस्को ब्यानरमा निर्माण हुने लागेको हो ।



आइतबार, १ माघ २०७९ (Sunday, January 15, 2023)



# 'एभरेस्ट बेसक्याम्प जान मन छ'

**काठमाडौं (प्रस)–** अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहले विद्यालय उमेरमा अधिकांश समय होस्टलमै बिताइन् । होस्टलको चौघेरामा बस्नुपर्ने बाध्यताले घुम्ने अवसर कमैमात्र जुर्‍यो । फिल्म 'ड्रिम्स'बाट अभिनयमा पाइला चालेपछि मात्र साम्राज्ञीले नेपाल दिल खोलेर घुम्न पाइन । मनाङ र मुस्ताङबाट घुम्न सुरु भएको उनको यात्राले पहाड र तराई पनि छिचोलिसकेको छ ।

### एभरेस्ट बेसक्याम्प चाहना

साम्राज्ञी फिल्मकै सुटिङका लागि मनाङ, मुस्ताङ, पोखरा, तिलिचो ताललगायतका स्थानमा पुगिसकेकी छन् । 'मलाई अब एभरेस्ट बेसक्याम्प जाने मन छ । फिल्मको कामबाट फुर्सद पाउनासाथ जाने सोच बनाएकी छु । विश्वकै अग्लो स्थान भएकाले पनि त्यहाँ जीवनमा एकपटक पुग्न मन छ', उनी भन्छिन्, 'म नेपालमै जन्मेर त्यहाँ पुगेको छैन । तर त्यहाँ पुग्नकै लागि विश्वबाट मान्छे आउँछन् । सायद उनीहरू आएको देखेर पनि हो कि मलाई त्यहाँ जाने लोभ एकदमै छ ।'

### विदेशमा इटाली र ग्रीस

साम्राज्ञीले विदेशको हकमा जापान, लण्डन, अष्ट्रेलिया र फिलिपिन्स घुमिसकेकी छन् । शुक्रबारबाट हलमा प्रदर्शनरत फिल्म 'तिम्रो मेरो साथ'को प्रिमियरका लागि उनी अमेरिका जाने तयारीमा छिन् । यसबाहेक अमेरिकामै हुन लागेको नेफ्टा अवार्डमा पनि उनी उपस्थिति जनाउँदैछिन् । साम्राज्ञीलाई इटाली र ग्रीस एकदमै जान मन लागेको देश हो । 'ग्रीस इतिहासले गर्दा घुम्न जान मन लागेको ठाउँ हो । ग्रीसको इतिहासका बारेमा स्कुल र कलेजमा पढेकी छु । त्यसबारे थप अध्ययन गर्न पनि मलाई त्यहाँ पुग्न मन छ', साम्राज्ञी खुल्छिन्, 'इटाली चाहिँ आफैंमा कलरफूल देश हो । यो देश ब्राइट, रोमान्टिक र फिल्मी शैलीको लाग्छ । त्यसकारण यहाँ पनि पुग्ने मन छ ।'

### फेरिएको जीवनशैली

घुमन्ते बानीले आफ्नो जीवनमा केही परिवर्तन आएको अनुभव साम्राज्ञीमा छ । दिमागमा कुनै कुरा नराखी घुम्नाले पनि आफू समाज र स्थानीयसँग घुलमिल भएको उनको दाबी छ । 'म केही सीमा निर्धारण नगरी घुम्छु । किनकी सीमा निर्धारण गर्दा नयाँ कुरा हेर्न पाइदैन । त्यसकारण खुला दिमागले घुम्न रुचाउँछु' उनी भन्छिन्, 'घुम्दा धेरै कुरा सिक्न पाइदो रहेछ । 'ए यस्तो पनि हुन्छ ?' भन्ने धेरै कुरा देख्न पाएकी छु । मैले खानेकुरामा परिवर्तन पाएकी छु । फरक फरक स्थानका खानाले स्वाद पनि फेरिदिएको छ । मैले पहिलो पटक मुस्ताङमा सिस्नो खाएको थिएँ । त्यहाँको होटलको दिदीले दुधमा हालेर सिस्नो दिनुभएको थियो । घुम्दाको अर्को फाइदा भनेको स्थानीयको बोली र व्यवहारलाई नजिकबाट बुझ्नु पनि हो '

### भीडमा जादिनँ

फिल्मको सुटिङ हेर्न भीड नलाग्ने कुरै हुँदैन । त्यो भीडले साम्राज्ञीको घुम्ने कामलाई अवरोध गरेको छैन । 'फिल्म सुटिङबाहेकको भीडमा म जादिनँ । गएको अवस्थामा पनि नचिन्ने गरी स्कार्फ, टोपी लगाएर अलग्गै बस्छु । कसैले मलाई चिन्नु भएर फोटो खिच्न अनुरोध गर्नुभयो भने त्यसमा स्वीकृति दिन्छु', उनी भन्छिन् । साम्राज्ञीले बाल्यकालमा केही समय भाई र साथीसँग घुम्ने अवसर पाइन् । अहिले उनको भाई अध्ययनरत रहेकाले घुमाईको कारण भाईको पढाईमा अवरोध नहोस् भन्ने उनको चाहना छ ।

# पत्रकार भण्डारीको 'सत्ता संघर्ष' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** पत्रकार रामकृष्ण भण्डारीको 'सत्ता सङ्घर्ष' नामक पुस्तक सार्वजनिक गरिएको छ । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा, नेकपा (एमाले)का उपमहासचिव प्रदीपकुमार ज्ञवाली, नेकपा (एकीकृत समाजवादी) का नेत्री गरिमा शाह र राजनीतिक विश्लेषक हरि शर्माले एक समारोहबीच पुस्तकको लोकार्पण गरे ।

कृतिमा ३० वर्षमा २८ सरकार गठन र विघटनसम्बन्धी प्रमुख राजनीतिक घटनाको नालीबेली समेटिएको छ । यसबीचमा सरकार बदल्नेमै नेताको चासो देखिए पनि राष्ट्रहित र जनताको पक्षमा काम गर्छौं भन्ने कसैमा पनि सोच नभएका कारण सबैजसो सरकार टिक्न नसकेको विषयमा पुस्तक केन्द्रित छ ।

विसं २०४६ को राजनीतिक परिवर्तनदेखि २०७४ को निर्वाचनबाट बनेका सरकार, राजनीतिक दाउपेच र सत्ता सङ्घर्षमा केन्द्रित रहेको विषयवस्तु कृतिमा समेटिएको छ । उक्त अवधिमा जेजति सरकार बने तिनको गठन, विघटन कसरी भयो, राजनीतिको मियो कसरी अघि बढ्यो भन्ने विषय पुस्तकमा वर्णन गरिएको छ ।

मध्यरातमा बहुदल, प्रारम्भमै विग्रह, दासढुङ्गा, आफ्नैमाथि अन्तरघात, संसद् विघटन, निर्णय उल्टिएको रात, कम्युनिष्टको काँधमा पञ्चायतको रजाइँ, कांग्रेसको काँधमा सूर्यबहादुर थापा, किसुनजीमाथि अर्को घात, विन्तिपत्रले बदनाम, नयाँ खेतालाको खोजी, संविधानसभा निर्वाचन, गणतन्त्र घोषणा, प्रधानन्यायाधीशलाई सत्ता, सत्ता स्वार्थको पुनरावृत्तिलगायत शीर्षकमा लेखकले तत्कालीन घटनाक्रमलाई उजागर गरेका छन् ।



पुस्तकको लोकार्पण गर्दै कांग्रेस महामन्त्री थापाले राजनीतिक दलको संरचना, सदस्यता प्रणाली, आन्तरिक सत्ता, अभ्यास परिवर्तन नभएसम्म मुलुकमा राजनीतिक स्थिरताका लागि चुनौती रहिरहने बताए । उनले भने, 'लोकतान्त्रिक प्रणालीमा नियमभित्र रहेर अभ्यास गर्नुपर्छ, प्रतिपक्षले प्रधानमन्त्रीलाई समर्थन गर्न नियमले मिल्दैन, यस विषयमा खुला र पारदर्शीरूपमा छलफल र बहस हुनुपर्छ, यस पटकको संसद्लाई मुलुकको समस्या समाधान गर्ने थलो बनाउन सबैबाट प्रयास हुनुपर्छ ।'

एमाले उपमहासचिव ज्ञवालीले ३० वर्षको अनुभवले सरकार, संसद् र राजनीतिक स्थायित्व मात्र नभई नीति र प्रणालीलाई स्थिर दिनेतर्फ घच्घच्याएको बताए । उनले भने, 'परिवर्तनकारी शक्तिबीच न्यूनतम समझदारी नभएसम्म राजनीतिलाई नै पनि स्थायित्व दिन कठिनाई पर्ने विगतको अनुभवबाट पाठ मिलेको छ, राजनीतिलाई प्राथमिकतामा राख्दा आर्थिक, पूर्वाधार निर्माण र समृद्धिका मुद्दा पछाडि परेका हुन्, अब त्यसलाई सच्याउन पर्छ ।'

एकीकृत समाजवादीका नेत्री शाहले पत्रकार भण्डारीले आफैँ साक्षी रहेर देखेको, भोगको, सुनेको र अनुभव गरेको मुलुकका प्रमुख राजनीतिक घटनासम्बन्धी विषयवस्तु समेटिएको राजनीतिक इतिहास पुस्तकको अध्ययनबाट अतितको सम्झना, वर्तमानको सिकाइ र भविष्यका लागि हौसला प्रदान गर्ने सन्दर्भ सामग्री रहेको बताइन् ।

विश्लेषक शर्माले इतिहास सामान्य ढङ्गबाट अघि नबढ्ने हुँदा जुन कालखण्डका लागि केन्द्रीत रही पुस्तक लेखिएको हो त्यसको सत्ता सङ्घर्षमा त्यो इतिहासको झझल्को दिएको उल्लेख गरे । कृतिका लेखक भण्डारीले दुई दशकभन्दा लामो पत्रकारिताका दौरानमा देखे, भोगेका घटना, समाचार सङ्कलनका बेला भएका कुराकानी, टिपोट, फोन संवाद, प्रकाशित पुस्तक, प्रतिवेदन, अन्तर्वार्ता तथा स्वअध्ययन पुस्तकका आधार भएको बताए ।



**एनभिए राष्ट्रिय भलिबल**

# पुरुषमा हेल्प नेपाल र आर्मी फाइनलमा

## महिलामा न्यु डायमण्ड र नेपाल पुलिस उपाधिका लागि भिड्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** सातौं संस्करणको एनभिए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनसिपको पुरुषतर्फको उपाधिका लागि हेल्प नेपाल र त्रिभुवन आर्मी क्लब भिड्ने भएका छन् ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा शनिबार भएको पुरुष तर्फको दोस्रो सेमिफाइनलमा नेपाल पुलिस क्लबलाई ३-२ को सेटमा हराउँदै हेल्प नेपाल उपाधि नजिक पुगेको हो ।

रोमान्चक खेलको पहिलो सेट हेल्प नेपालले २५-२१ ले जितेको थियो । दोस्रो सेट पुलिसले २६-२४ ले आफ्नो बनायो । तेस्रो सेट हेल्प नेपालले २५-१७ ले जित्यो भने चौंथो सेट पुलिसले २५-२० ले जितेपछि खेल पाँचौं सेटमा पुगेको थियो । पाँचौ सेट हेल्प नेपालले १५-८ ले जित्दै खेल आफ्नो पक्षमा पार्‍यो ।

त्यस्तै पहिलो सेमिफाइनलमा एपीएफ क्लबलाई ३-० को सोझो सेटमा हराउँदै आर्मी उपाधि नजिक पुगेको हो । आर्मीले एपीएफमाथि २५-२३, २५-१७ र २५- १७ को जित निकालेको हो ।

अब आर्मीले उपाधिका लागि नेपाल पुलिस क्लब र हेल्प नेपालबीचको विजेतासँग खेल्नेछ । महिलातर्फको फाइनलमा न्यु डायमण्ड र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

शनिबार नै सम्पन्न दुवै सेमिफाइनलमा न्यु डायमन्डले त्रिभुवन आर्मी क्लबलाई ३-१ ले पराजित गर्दै फाइनल प्रवेश गरेको हो भने नेपाल पुलिस क्लबले सशस्त्र प्रहरी क्लबको एपीएफ क्लबलाई ३-२ ले पराजित गर्दै उपाधिका लागि भेट पक्का गरेको हो । च्याम्पियनसिपको महिला र पुरुष विजेताले नगद ४ लाख पाउनेछन् । यस्तै उपविजेताले २ लाख र तेस्रो हुनेले १ लाख पाउनेछन् । च्याम्पियनसिपको सर्वोत्कृष्ट महिला र पुरुष खेलाडीले जनही २५ हजार पाउनेछन् ।

विधागततर्फ उत्कृष्ट हुने लिबेरो, स्पाइकर, ब्लकर, सर्भर, सेटर र प्रशिक्षकले जनही १० हजार रूपैयाँ पाउनेछन् ।

**जुनियर ब्याडमिन्टन च्याम्पियनसिप**

# सुविन र दिलशा च्याम्पियन

■ प्रभाव संवाददाता



**काठमाडौं–** त्रिभुवन आर्मीका सुविन श्रेष्ठ र कास्कीकी दिलशा राना इनास अपी स्पोर्टस् जुनियर ब्याडमिन्ट च्याम्पियनसिमा उपाधी हात पार्दै च्याम्पियन बन्न सफल भएका छन् । यु-१५ छात्र तर्फ सुविनले धादिङ्गका अश्विन मगरलाई २१-१५, २१-१२ को सोझो सेटमा पराजित गर्दै उपाधी उचालेका हुन । यस्तै छात्रा तर्फ दिलशाले आर्मीकी रिहाना शेरचनलाई २१-१०, २१-१९ ले पराजित गर्दै उपाधी उचालेकी हुन् । छात्र तर्फ सूर्यदर्शनका अमन डङ्गोल र आर्मीका सुदेश राजकोटी संयुक्त तेश्रो भए । छात्रा तर्फ नेक्सस ईन्टरनेशनल स्कुलकी स्वर्लिन श्रेष्ठ र ईमाडोल ब्याडमिन्टनकी टिशा रानी शाक्य संयुक्त तेश्रो भए ।

योनेक्सको नेपालमा आधिकारीक विक्रेता इनास ईन्टरप्राईजेज र अपी स्पोर्टस् म्यानेजमेन्ट प्रा.लि.को संयुक्त आयोजनामा भएको च्याम्पियनसिपको यु-१३ छात्र तर्फ कैलालीका शिषिर रानाले जित हात पारे । उनले तनहुका सफल भुजेललाई २१-१४, २२-२० को सोझो सेटमा पराजित गर्दै उपाधी उचालेका हुन् । एपेक्स लाईट स्कुलका सुहम कार्की र ग्यालेक्सी स्कुलका रिशभ राई संयुक्त तेश्रो भए । यस्तै छात्रा तर्फ सेनाकी रिहान शेरचनले सेनाकै सम्बृद्धि श्रेष्ठलाई २१-१३, २१-७ ले पराजित गर्दै उपाधी उचालेकी हुन् । तेश्रो स्थानमा नेक्सस ईन्टरनेशनल स्कुलकी स्वर्लिन श्रेष्ठ र ईमाडोल ब्याडमिन्टनकी टिशा रानी शाक्य रहे ।

बशुन्धारास्थित जेष्ट ब्याडमिन्टन एकेडेमीमा भएको खेलको यु-११ छात्र तर्फ कैलालीका आदत्य चौधरी र छात्रा तर्फ कास्कीकी निभा राईले उपाधी उचाले । आदत्यले दीपक ब्याडमिन्टन एकेडेमीका दियोन भण्डारीलाई २१-१३, २१-१९ ले पराजित गरे । निभाले उपाधी उचाल्ने क्रममा दीपक ब्याडमिन्टन एकेडेमीका अश्मिता खत्रीलाई २१-१७, २१-१८ ले पराजित गरेकी हुन् । तेश्रो स्थानमा छात्र तर्फ इमाडोल ब्याडमिन्टनका प्रिन्स थापा मगर र प्रशान्त बुढाथोकी तथा छात्रा तर्फ सेनाका समृद्धि श्रेष्ठ र अजरेङ्गा शेरचन रहे ।

बिजयी खेलाडीहरूल मेडल, ट्रफी प्रमाणपत्रका साथ यु- १५ तर्फ शिर्ष तीन स्थान प्राप्त खेलाडीले क्रमशः नगद १० हजार, ७ हजार र ५ हजार प्राप्त गरे । क्वाटरफाईनलिष्टले २ हजार ५ सय र प्रिक्वाटरफाईनलिष्टले १ हजार ५ सय प्राप्त गरे । यस्तै यु- १३ तर्फ प्रथमले ७ हजार, द्वितीयले ५ हजार, तृतीयले ३ हजार, क्वाटरफाईनलिष्टले २ हजार र प्रिक्वाटरफाईनलिष्टले १ हजार २ सय प्राप्त गरे । यु-११ तर्फ प्रथमले ४ हजार, द्वितीयले २ हजार, तृतीयले २ हजार, क्वाटरफाईनलिष्टले १ हजार ५ सय र प्रिक्वाटरफाईनलिष्टले १ हजार नगद प्राप्त गरे । यसका साथै इनासले विजयी खेलाडीहरूलाई योनेक्सका विभिन्न खेल सामाग्री प्रदान गरेको थियो ।

विजयी खेलाडीहरूलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ, बागमती खेलकुद परिषद्का सदस्य सचिव सूर्य भण्डारी, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजी बहादुर श्रेष्ठ, उपाध्यक्ष सुभाष श्रेष्ठ, सचिव नविन विक्रम शाह, इनास ईन्टरप्राईजेजका प्रोपाईटर राजु बास्तोला लगायतले पुरस्कार वितरण गरेका थिए ।

च्याम्पियनसिपमा करिव १३९ खेलाडीहरूको सहभागिता रहेको थियो ।

त्यसैगरी ओमानको राजधानी मस्कटमा आयोजना हुने बिश्व भेट्रान च्याम्पियनसिप मस्कट २०२३ मा प्रतिस्पर्धा गर्न जाने नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ्गले शनिबार शुभकामना सहित विदाई गरे ।

जनवरी १५ देखि २१ सम्म संचालन हुने च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने खेलाडीहरूमा संजय अर्याल, प्रकाश बहादुर धाख्वा, रक्त मानन्धर, राजेन्द्र दुलाल, निम जोशी र प्रशिक्षकमा अनिता महर्जन रहेका छन् । टोली आईतबार त्यसतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको छ ।



**हिउँमा रम्दै** | उत्तरपश्चिम चीनको सिनजियाङ उइगुर स्वायत्त क्षेत्रको अल्ताय सहरमा रहेको स्की रिसोर्टमा मानिसहरू रमाइलो गर्दै । *तस्बिरः सिन्ह्वा*

# पेरुमा प्रदर्शन जारी, राष्ट्रपतिले राजीनामा नगर्ने




**लिमा–** एक महिनाभन्दा लामो समयदेखि दक्षिण अमेरिकी देश पेरुमा जारी राजनीतिक अशान्ति साम्य हुने लक्षण नदेखिएको विश्लेषकहरूले बताएका छन् । पूर्वराष्ट्रपति पेड्रो कास्टिलोका समर्थक र सुरक्षा बलबीच देशका विभिन्न भागमा भएका झडपमा एक जना प्रहरीसहित ४२ जना सर्वसाधारणको मृत्यु भइसकेको छ ।

राष्ट्रव्यापीरूपमा भइरहेका विरोध प्रदर्शनका क्रममा भएका दोहोरो झडपमा ५३१ जना घाइते भएका तथा ३२९ जनालाई पक्राउ गरिएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ । गत मंसिर २१ गते वामपन्थी राष्ट्रपति कास्टिलोका महाभियोगसँगै गिरफ्तारीमा परेपछि उपराष्ट्रपति डिना बोलुअर्टेले राष्ट्रपतिका रूपमा शपथ लिएका थिए । सोही दिनदेखि देशभर हिंसात्मक प्रदर्शन प्रारम्भ भएको हो ।

पूर्वराष्ट्रपति कास्टिलोका समर्थकहरूले बोलुअर्टेलाई राजीना तथा आफ्ना नेताको रिहाइसँगै आमनिर्वाचनको घोषणा हुनुपर्ने माग गरेका छन् । आफू राष्ट्रपति बनेको एक सातापछि देशमा भड्किएको हिंसा रोक्ने प्रयासस्वरूप एक महिनासम्म देशमा आपत्काल लागू गरिएको घोषणा गरे तर आन्दोलन मत्थर भएन ।

आन्दोलनबाट सबैभन्दा बढी प्रभावित क्षेत्र अयाकुचोमा राजनीतिक प्रभाव भएको अयाकुचो पिपल्स डिफेन्स फ्रन्टका अध्यक्ष रोसियो लिआन्ड्रो मेलगरलाई पक्राउ गरिएपछि हिंसात्मक गतिविधि बढेका छन् । हिंसा भड्किन नदिन सुरक्षा व्यवस्था मजबुत पारिएको छ भने त्यसको अनुसन्धान पनि भइरहेको महान्यायाधिवक्ताको कार्यालयले बताएको छ । उक्त कार्यालयले मानव हताहतीका जिम्मेवारी निर्धारण गर्न आठ वटा शिराबाट अनुसन्धान सुरु गरेको जनाएको छ ।

यसैबीच, राष्ट्रपति बोलुअर्टेले पदबाट राजीनामा नगर्ने बताएका छन् । राज्यसञ्चालित टेलिभिजन प्रसारणमा शुक्रबार उनले देशका निम्ति आफ्नो दायित्व भएकाले राजीनामा नगर्ने दृढता व्यक्त गरे । देशमा बढिरहेका हिंसात्मक गतिविधिप्रति उनले चिन्ता व्यक्त गरेका छन् । देशको पछिल्लो स्थिति तथा आन्दोलनकारीले एक जना प्रहरी अधिकारीलाई ज्युँदै जलाएर मारेका राष्ट्रपतिले पेरुका जनतासँग क्षमा याचना पनि गरेका छन् । *रासस/सिन्ह्वा*

# अमेरिका र जापान चीनविरुद्धको गठबन्धन बलियो बनाउँदै



**वासिङ्टन–** इण्डो-प्यासिफिक क्षेत्रमा चीनको बढ्दो प्रभावलाई दृष्टिगत गर्दै जापानी प्रधानमन्त्री फुमियो किशिदाले शुक्रबार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति बाइडेनसँग भेट गरेका छन् ।

सो अवसरमा दुई देश बीचको गठबन्धनलाई थप बलियो बनाउने विषयमा सहमति भएको बताइएको छ । दुवै पक्षले सुरक्षा रणनीतिबारे छलफल गरेको जापानको एनएचके वर्ल्डले उल्लेख गरेको छ ।

ह्वाइट हाउसमा भएको भेटमा प्रधानमन्त्री किशिदा र राष्ट्रपति बाइडेनबीच दुई घण्टा लामो कुराकानी भएको थियो । सो वार्तामा किशिदाले जापानले आफ्नो सुरक्षा रणनीतिमा उल्लेखनीय परिवर्तन गरेको बताएका थिए । सो परिवर्तित नीतिमा उल्लेख्यरूपमा रक्षा बजेटमा वृद्धि र काउन्टर स्ट्राइकको योजनालगायतका विविध विषय समावेश छन् ।

क्षेत्रीय शान्ति र सुरक्षा कायम गर्न जापानी प्रधानमन्त्रीले जापानको सुरक्षा रणनीतिमा जोड दिएकाले सुरक्षा वातावरण पहिलेभन्दा धेरै गम्भीर र जटिल भएको उल्लेख गरेको एनएचके वर्ल्ड उल्लेख गरेको छ । राष्ट्रपति बाइडेन र जापानी प्रधानमन्त्रीले ताइवान स्ट्रेटमा द्वन्द्वबाट बच्न आफ्नो प्रतिबद्धता दोहोऱ्याएको बैठकपछि ह्वाइट हाउसले शुक्रबार जारी गरेको संयुक्त विज्ञप्तिमा जनाइएको छ ।

'हामी ताइवानमा हाम्रा आधारभूत अडान अपरिवर्तित रहने कुरामा जोड दिन्छौं साथै अन्तर्राष्ट्रिय समुदायमा सुरक्षा र समृद्धिको अपरिहार्य तत्त्वको रूपमा ताइवान स्ट्रेटमा शान्ति र स्थिरता कायम राख्ने महत्त्वलाई दोहोऱ्याउँदछौं,' ह्वाइट हाउसले भनेको छ ।

अगस्टको सुरुमा अमेरिकी पूर्वसभामुख न्यान्सी पेलोसीले चीनलाई आक्रोशित पार्दै ताइवानको भ्रमण गरेपछि ताइवान वरपरको स्थितिमा सुरक्षा संवेदनशीलता बढेको थियो । यसैगरी पछिल्ला महिनामा फ्रान्स, जापान र अन्य पश्चिमी देशले पनि यस टापुमा आफ्ना प्रतिनिधिमण्डल पठाएर सुरक्षा संवेदनशीलतालाई थप पेचिलो बनाएका थिए ।

ह्वाइट हाउसको विज्ञप्तिअनुसार राष्ट्रपति बाइडेनले जापानको नयाँ राष्ट्रिय सुरक्षा रणनीति, राष्ट्रिय रक्षा रणनीति र रक्षा निर्माण कार्यक्रमको पनि प्रशंसा गरेका छन् ।

यसैबीच कोभिड-१९ महामारीलगायतका विषयमा पर्याप्त र पारदर्शी डेटा उपलब्ध गराएर विश्वभरका जनस्वास्थ्य अधिकारीलाई मद्दत गर्न पनि अमेरिका र जापानका नेतद्वयले चीनलाई विशेष आग्रह गरेका छन् । विज्ञप्तिमा भनिएको छ, 'हामी चीनलाई कोभिड-१९ को फैलावटसम्बन्धी पर्याप्त पारदर्शी एपिडेमियोलोजिकल र भाइरल जिनोमिक अनुक्रम डेटा सार्वजनिक गर्न पनि आह्वान गर्दछौं । जसले विश्वभरका जनस्वास्थ्य अधिकारीलाई महामारीको फैलावट कम गर्न र कुनै पनि सम्भावित नयाँ भेरियन्ट पहिचान गर्न सहयोग पुऱ्याउनेछ ।' *रासस/एएनआई*

# जासुसीको आरोप लागेका पूर्वमन्त्री अकबरीलाई मृत्युदण्ड

**दुबई–** इरानले आफ्नो देशको रक्षा मन्त्रालयका निम्ति कुनै समय काम गरेका एकजना पूर्वमन्त्रीलाई बेलायतका लागि जासुसी गरेको अभियोगमा मृत्युदण्ड दिइएको बताएको छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रियरूपमा मृत्युदण्डको विरोध भए पनि इरानले उनलाई मृत्युदण्ड दिएको हो ।

इरान र बेलायतको दोहोरो नागरिकता लिएका भूतपूर्व रक्षा उपमन्त्री अलीरेजा अकबरीलाई बेलायतको गुप्तचर संस्था एमआई-६ का निम्ति जासुसी गरेकाले हालै फाँसी दिएको शनिबार घोषणा गरेको हो ।

गत बुधबार अकबरीको परिवारलाई उनलाई भेट्न कारागारमा जान भनिएको तथा उनकी श्रीमतीले एकान्त कारागारमा आफ्ना पतिलाई सारिएको बताएका थिए । अकबरीलाई तीन वर्षअघि पक्राउ गरिएको थियो । जासुसीको आरोपमा उनलाई दोषी ठहर गरिएको थियो तर सबै आरोपको उनले अस्वीकार गरेका थिए ।

बेलायतले इरानलाई मृत्युदण्ड रोक्न तथा उनलाई तत्काल रिहा गर्न आग्रह गरेको थियो । बेलायतका विदेशमन्त्री जेम्स क्लिभरलीले मृत्युदण्डको सजाय मानव जीवनलाई पूर्णरूपमा बेवास्ता गर्ने बर्बर शासनद्वारा राजनीतिकरूपमा प्रेरित काम भएको टिप्पणी गरेका छन् ।

अमेरिकाले पनि इरानको उक्त कदमको आलोचना गरेको छ । अकबरीमाथि लगाइएको आरोप र मृत्युदण्डको सजायलाई 'राजनीतिकरूपमा प्रेरित' भन्दै हिरासतमा यातना दिएर आरोप स्वीकार गर्न बाध्य पारिएका खबरले चिन्तित तुल्याएको बताएको छ । *रासस/एपी*

# रूस–युक्रेनबीच वार्ताको वातावरण बनाउन चीनको जोड

**संयुक्त राष्ट्रसंघ–** रुस-युक्रेन युद्ध चाडोभन्दा चाँडो अन्त्य होस् भन्ने चिनियाँ चाहना व्यक्त गर्दै संयुक्त राष्ट्रसंघका लागि चीनका राजदूत झाङ जुनले त्यस निम्ति वार्ताको वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् । रुस-युक्रेन वार्ताको वातावरण बनाउन पहल अन्तर्राष्ट्रिय समुदायबाट हुनुपर्ने पनि उनले बताए ।

राष्ट्रंघीय सुरक्षा परिषद्मा चिनियाँ राजदूतले आपसी मतभेद मिलाउन सरकारवाला पक्ष वार्तामा बस्नुपर्नेमा जोड दिए । उनले जारी द्वन्द्व अन्त्य गर्न तथा युरोपेली सुरक्षा संरचना सुदृढ तुल्याउन वार्ताको प्रयत्न हुन जरुरी भएको विचार व्यक्त गरे । विशेषगरी वर्तमान परिस्थितिमा ठूलो प्रभाव पार्ने देश तथा अन्तर्राष्ट्रिय समुदायले रुस र युक्रेनलाई वार्तामा संलग्न हुन र संकटको राजनीतिक समाधानको मार्ग पहिल्याउन मद्दत गर्नुपर्ने चिनियाँ स्थायी प्रतिनिधिले बताए ।

नाकाबन्दीको अवधि बढाउने तथा हातहतियारको आपूर्तिलाई निरन्तरता दिँदा परिस्थिति अझ जटिल हुने चेतावनी दिँदै चिनियाँ कूटनीतिज्ञले द्वन्द्व घटाउनेतर्फ लाग्नु अपरिहार्य भएको बताए । साथै, उनले युद्धबाट प्रभावितलाई मानवीय सहायता उपलब्ध गराउनुपर्ने र युक्रेनका क्षतिग्रस्त ऊर्जा पूर्वाधार यथाशीघ्र मर्मत गराउन आवश्यक सहयोग गर्नुपर्नेमा जोड दिए । शान्ति स्थापनाका सबै काममा चीनको सक्रिय सहभागिता एवं सहयोग रहने पनि उनले स्पष्ट गरे ।

जापोरिझहिया आणविक ऊर्जा केन्द्रको सुरक्षामा असर पार्ने सबै सैन्य कारबाही तत्काल बन्द गर्न आग्रह गर्दै चीनले अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएइए)लाई केन्द्रका सम्बन्धमा रुस र युक्रेनसँग सञ्चार कायम राख्न सहयोग गर्ने जानकारी राजदूत झाङले दिए । *रासस/सिन्ह्वा*

# श्रीलंकाका ४६ अवैध आप्रवासी पक्राउ

**कोलम्बो–** अवैधरूपमा फ्रान्सको विदेशी टापु ला रियुनियनमा समुद्रीमार्गबाट बसाइँ सर्ने प्रयास गरिरहेका ४६ श्रीलंकालीलाई पक्राउ परेका छन् ।

यहाँको नौसेनाले शनिबार सोबारे तथ्यांक सार्वजनिक गरेको छ । नौसेनाले विज्ञप्ति जारी गर्दै ती आप्रवासी गत वर्ष डिसेम्बरमा कोलम्बोबाहिरको तटीय सहर नेगोम्बोबाट माछा मार्ने ट्रलरमा सवार थिए ।

शुक्रबार राति पक्राउ परेका समूहमा माछा मार्ने जहाजका चालक दलका सदस्य, दुई महिला र एक बालकसहित ४३ जना पुरुष रहेको र उनीहरूलाई थप अनुसन्धानका लागि अपराध अनुसन्धान विभागमा बुझाइने नौसेनाले जनाएको छ । *रासस/सिन्ह्वा*

# इरानद्वारा बेलायती जासुसलाई मृत्युदण्ड

**तेहरान–** इरानले शनिबार बेलायती गुप्तचरको लागि जासुसी गरेको आरोपमा एक इरानी-ब्रिटिश दोहोरो नागरिक भएका व्यक्तिलाई मृत्युदण्ड दिएको छ । न्यायिक समाचार एजेन्सी मिजान अनलाइनले उल्लेख गरेअनुसार मातृभूमिमा रहेर भ्रष्टाचार गरेको र देशको आन्तरिक र बाहय सुरक्षामाथि खुफिया जानकारी दिएर हानि पुऱ्याएको अभियोगमा मृत्युदण्डको सजाय सुनाइएका अलिरेजा अकबरीलाई मृत्युदण्ड दिइएको हो । *रासस/एएफपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०३९०० | प्रति तोला - १०३४०० | प्रति तोला - १३६५ |



**माघे संक्रान्ति व्यापार** पोखराको सुजानाचोकमा माघे सक्रान्तिका लागि बिक्रीमा राखिएका तरुल, सखरखण्ड खरिद गर्दै सर्वसाधारण । *तस्बिर: कृष्ण दवाडी/रासस*

## दोस्रो वर्षमै नाफामा खाद्य बैंक




**काठमाडौं (प्रस)–** राष्ट्रिय खाद्य बैंकको दोस्रो वार्षिक साधारणसभा सम्पन्न भएको छ । 'पोषिलो आहारका लागि दिगो कृषि उत्पादन, हाम्रो अभियान' नाराका साथ स्थापना भएको बैंकले शनिबार दोस्रो वार्षिक साधारणसभा सम्पन्न गरेको हो ।

सभालाई सम्बोधन गर्दै पूर्वस्वास्थ्यमन्त्री उमेश श्रेष्ठले सरकारले गर्नुपर्ने काम खाद्य बैंकले गरेको बताए । उनले भने, 'खाद्य बैंकले सरहानीय कार्य थालेको छ । त्यसकारण पनि म यस संस्थासँग जोडिएको छु । यस संस्थाले व्यवस्थापकीय रूपमा सवल भएर अघि बढ्नसके ठूलो उपलब्धीहासिल गर्ने देखेको छु ।' सो अवसरमाउनले खाद्य्य बैंकले एक पालिका एक उत्पादनमा जोड दिएर अघि बढ्नुपर्ने बताए । खाद्य सुरक्षाको विषयमा सरकारले ध्यानदिननसकेपनिखाद्य बैंकले पहलकदमीलिएको उनले बताए । पूर्वमन्त्रीश्रेष्ठले कृषि क्षेत्रलाई विचौलियाहरूले विकृत बनाएको र उनीहरूमात्रै धनीभएको बताए । उनले कृषि क्षेत्रको लागि भण्डारणको जरुरत रहेको बताए ।

बैंकका कार्यकारी अध्यक्ष शंकरनाथ उप्रेतीले आफूहरूको सपनाले मूर्तरूप लिन थालेको बताए । उनले दुई वर्षको यात्रामै संस्था ३० लाख रूपैयाँ नाफामा गएको बताए । आगामी वर्ष त्यसलाई अझ उच्च बनाउँदै सेयर सदस्यहरूको मन जित्ने उनले बताए । रैथाले बालीहरू समाप्त हुँदै गएको, बजारमा पत्रु खानेकुराहरूले मानिसको स्वास्थ्यमा खराबी ल्याएको उनले बताए । स्वदेशी उत्पादनलाई सरकारले पनि प्राथमिकतामा राख्नुपर्ने तथा खानपान संस्कृति परिवर्तन गर्नुपर्ने उनको सुझाव छ ।

अध्यक्ष उप्रेतीले खाद्य बैंकले आफ्ना कृषिउत्पादन चार वटा प्रदेशअन्र्तगतको २३ वटा जिल्लाबाट गरिरहेको र आगामी दिनहरूमा सात वटै प्रदेशबाट अर्ग्यानिक कृषि उपज उत्पादनमा खाद्य बैंक लागिपर्ने बताएका छन् ।

## उद्योगी व्यवसायीका समस्या राष्ट्रको समस्या : अध्यक्ष गोल्छा

■ प्रभाव संवाददाता

**भक्तपुर–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले उद्योग व्यवसायीका समस्या राष्टको समस्या भएको बताएका छन् । भक्तपुर उद्योग वाणिज्य संघको ३५औं वार्षिक साधारण सभा २०७९ को उद्घाटन गर्दै उनले उद्योग व्यवसायीका समस्या समाधान भए मात्रै आर्थिक उन्नति हुने भएकाले उनीहरूका समस्या देशकै समस्या भएको बताए ।

उनले लगानीको वातावरण नबनेसम्म समृद्धि असम्भब हुने बताए । त्यही कारण उद्योगमा लगानी गर्ने वातावरण वनाउन नयाँ सरकारसँग उनले विशेष आग्रह गरे । लागनीको वातावरण नबनेसम्म रोजगारी सृजना नहुने र रोजगारीको राम्रो व्यवस्था नभएसम्म मलुकको समृद्धि असम्भव भएको दाबी गरे ।

यही कारण महासंघ अहिले अर्थतन्त्र जोगाऔं अभियानमा जुटिरहेको उनले जनाए । अहिलेको लागि अर्थतन्त्र जोगाउनुमात्रै पनि ठूलो उपलब्धी भएको उनले सुनाए । यही कारण अहिले अर्थतन्त्र जोगाउने अभियानमा महासंघ जुटेको उनको भनाई थियो ।

अध्यक्ष गोल्छाले मुलुक रेमिट्यान्सको भरम चल्नु समग्र देशकै लागि खतरा भएको बताए । नेपालको अर्थतन्त्र ध्वस्त भई असफल राष्टमा जानेतिर उनले विशेष चिन्ता व्यक्त गरे । यसकारण रेमिट्यान्सको भरमा मात्रै बस्नु ठूलो गल्ती हुने उनको ठम्याई छ ।

उनले अहिले वनेको नयाँ सरकारले पूर्वाधारमा जोड दिनुपर्ने बताए । नेपालमा पर्यटन र रोजगारीलाई विशेष ध्यान दिन उनले सरकारलाई सुझाए । अहिले वार्षिक १० लाख पर्यटक नेपाल भित्रिरहेकोमा त्यसलाई १० गुणा बढाउने गरी योजना ल्याउनुपर्ने उनको भनाई थियो । विश्वका विपन्न भियतनामलगायतका देशहरूले पनि वार्षिक चालीस ५० हजार पर्यटक भित्र्याउन सफल भइरहेको भन्दै उनले नेपाल जस्तो सुन्दर देशले सजिलै अत्याधिक पर्यटक भित्राउन सकिने विचार राखे ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला नगरतर्फका उपाध्यक्ष दिनेशकुमार श्रेष्ठ, महासंघकै वस्तुगततर्फका उपाध्यक्ष अन्जनकुमार श्रेष्ठ, भक्तपुरका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष शिवप्रसाद मानन्धरलगायतले देशमा लगानीमैत्री वातावरण बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा उत्कृष्ट निर्यातकर्ताहरूलाई सम्मान गरिएको थियो । हिमालयन मिट वेयर प्रालि, नेपाल ह्याण्ड मिट, प्रधार्नाग एप्रोन इन्डष्टी, श्री सिद्धिगणेश तरकारी प्रशोधनलाई उत्कृष्ट निर्यातकर्ता घोषणा गरी सम्मान गरिएको थियो ।

कार्यक्रममा २०७९ सालको निर्वाचनमा भक्तपुर जिल्लाबाट प्रत्यक्ष तथा समानुपातिकतर्फबाट निर्वाचित संघीय सांसदहरूलाई सम्मान गरिएको थियो । साथै भक्तपुर उद्योग वाणिज्य संघकोतर्फबाट महानगरीय ट्राफिक प्रहरी कार्यालय कमलविनायक भक्तपुरका प्रमुख प्रहरी सहायक निरीक्षक ब्रजेशकुमार झालाई संघकोतर्फबाट प्रिन्टर सहयोग वितरण गरेका थिए । कार्यक्रममा संघको बुलेटिन पनि विमोचन गरिएको थियो ।

## 'विदेशमा लगानी गरे कारबाही'

**काठमाडौं (प्रस)–** नेपाल राष्ट्र बैंकले नेपालमा बसेर विदेशमा जुनसुकै क्षेत्रमा लगानी गरे कारबाही हुने चेतावनी दिएको छ ।

राष्ट्र बैंकले एक बिज्ञप्ति जारी गर्दै विदेशी विनिमय ऐन २०१९ को दफा १० (क) ले विदेशमा लगानी गर्न प्रतिबन्धित गरेको स्मरण गराएको छ । राष्ट्र बैंकले नेपालमा बसोबास गर्ने कसैले विदेशमा कुनै पनि तरिकाले भुक्तानी दिनेसम्बन्धी कार्य नगर्न र नगराउन सचेतसमेत गराएको हो ।

## फार्मर लिंक कृषि सहकारीको वार्षिक साधारणसभा



■ प्रभाव संवाददाता

**काठमाडौं–** फार्मरलिंक कृषि सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार कलंकीमा आयोजित साधारणसभामा संस्थाका सञ्चालक र शेयरधनीहरूको उपस्थिति रहेको थियो । साधारणसभामा सञ्चालक अध्यक्ष केशरबहादुर गरन्जाले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

साधारणसभामा संस्थाले हालसम्म गरेका गतिविधिबारेका सम्पूर्ण शेयरधनीहरूलाई जानकारी समेत गराइएको थियो । साथै उक्त अवसरमा संस्थाका बचतकर्ता र सेवाग्राहीलाई सकेसम्म सहज ढंगले सेवा दिने जनाइएको छ ।

वडा नं. १४ महिला सदस्य अनिता नेपाली, शोभा खड्काको प्रमुख आतिथ्यतामा सम्पन्न साधारणसभामा नेको इन्सुरेन्सका शाखा प्रबन्धक कृष्ण बर्तौला, प्रभाव दैनिकका प्रबन्ध निर्देशक कृष्ण कार्की विशेष अतिथिका रूपमा सहभागी भएका थिए ।

साधारणसभाले आगामी कार्यकालका लागि सञ्चालक समिति र लेखा समिति समेत चयन गरेको छ । साधारणसभाबाट आगामी कार्यकालका लागि वर्तमान सञ्चालक अध्यक्ष केशरबहादुर गरन्जाकै अध्यक्षतामा कार्य समिति निर्वाचित गरेको हो ।

संस्थाको उपाध्यक्षमा आइत सिंह मगर, सचिवमा कर्णबहादुर पुलामी मगर, कोषाध्यक्षमा रामकुमार कार्की र सञ्चालक सदस्यमा पुष्पा मल्ला ठकुरी, चेतबहादुर आले र सन्तबहादुर गुरुङ लामालाई निर्वाचित गरेको छ ।

त्यस्तै लेखा समिति संयोजकमा रघु थापा मगर र सदस्यहरूमा विकास अधिकारी र नवीन आले निर्वाचित भएका छन् ।

## क्रसर उद्योगको विवरण बुझाउन आग्रह

**खोटाङ–** नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति खोटाङले जिल्लामा सञ्चालित क्रसर उद्योगको विवरण बुझाउन जिल्लास्थित सबै स्थानीय तहलाई आग्रह गरेको छ । गृह मन्त्रालयबाट यही पुस २२ गते प्राप्त पत्रको आधारमा जिल्ला अनुगमन समिति खोटाङको शुक्रबार बसेको बैठकले क्रसर उद्योग सञ्चालन भए नभएको यथार्थ विवरण बुझाउन जिल्लाका दशवटै स्थानीय तहलाई आग्रह गरेको हो ।

स्थानीय तहलाई लेखिएको पत्रमा व्यावसायिक क्रसर उद्योग सञ्चालन तथा नदीजन्य र खानीजन्य पदार्थ कुन-कुन स्थानमा उत्खनन भइरहेका छन् भन्ने यथार्थ विवरण सात दिनभित्र अनिवार्य बुझाउन समयसीमा तोकिएको छ । समितिको बैठकले जिल्लामा सञ्चालित क्रसर उद्योग तथा नदीजन्य र खानीजन्य पदार्थ उत्खननको अवस्था अनुगमन गर्ने अधिकार प्रहरी प्रशासनलाई दिने निर्णय गरेको समितिले जनाएको छ ।

क्रसर उद्योग सञ्चालन तथा नदीजन्य र खानीजन्य पदार्थ उत्खनन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरे नगरेको खुलाउन निर्देशन दिइएको समितिका संयोजक एवं जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईले जानकारी दिए । 'जिल्लाका अधिकांश क्रसर उद्योग तथा नदीजन्य र खानीजन्य पदार्थ उत्खनन वातावरणीय प्रभाव मूल्याङ्कन नगरी सञ्चालन भएको पाइएको छ', उनले भने , 'आगामी दिनमा नियमन गर्ने उद्देश्यले हरेक स्थानीय तहमा कार्यदल गठन गर्दै अनुगमनलाई चुस्त तथा दुरुस्त बनाउन पत्रमार्फत आग्रह गरिएको छ ।'

जिल्लामा कति क्रसर उद्योग सञ्चालनमा छन् भन्ने अहिलेसम्म कुनै निकायसँग यथार्थ विवरण भेटिएको छैन । जिल्ला प्रशासन कार्यालय खोटाङले पुस-२४ गते गृहमन्त्रालयमा पठाएको पत्रमा दुईवटा क्रसर उद्योग सञ्चालनमा रहेको र एउटाले सञ्चालनका लागि अनुमति लिएको उल्लेख छ । प्रशासनले पठाएको पत्रमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-६ नेर्पा र सोही नगरपालिकाको वडा नं ४ खाल्लेमा क्रसर उद्योग सञ्चालन रहेको भनिएको छ । नेर्पामा प्रतिज्ञा निर्माण सेवा एण्ड सप्लायर्स र खाल्लेमा खोटाङ हलेसी कन्ट्रक्सन प्रालिको नाममा क्रसर उद्योग सञ्चालनमा रहेको भेटिएको जिल्ला प्रशासन कार्यालय खोटाङका शाखा अधिकृत भूपेन्द्र राईले बताए ।

नेर्पामा व्यावसायिक तथा खाल्लेमा दिक्तेल-आहाले सडक कालोपत्र प्रयोजनमा क्रसर उद्योग खोलिएको गृह मन्त्रालय पठाइएको पत्रमा खुलाइएको छ । उता, केपिलासगढी गाउँपालिकाले १५ शय्याको अस्पताल निर्माणका लागि क्रसर उद्योग सञ्चालन गर्न अनुमति दिएको पाइएको प्रशासनका शाखा अधिकृति राईले जानकारी दिएका छन् ।

जिल्लाका अन्य स्थानीय तहमा धेरैवटा क्रसर उद्योग सञ्चालनमा रहेको स्थानीय बासिन्दाले बताएका छन् । मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल-चखेवाभञ्ज्याङ सडक कालोपत्रका लागि दिप्रुङ चुइचुम्म गाउँपालिका-१ बाँझेच्यानडाँडास्थित सेखुवामा एउटा क्रसर उद्योग सञ्चालनमा रहेको जनाइएको छ । विशेष गरी, दूधकोसी, सुनकोसी, रावाखोला, सावाखोला, साप्खुखोलालगायतका ठाउँबाट नदीजन्य पदार्थ उत्खनन हुने गरेको स्थानीय बासिन्दाले बताएका छन् । खानीजन्य उत्खनन भने दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल, वडा नं २ सोल्मा, वडा नं ३ बाम्राङ, वडा नं ४ खाल्ले र वडा नं ५ लफ्याङमा भइरहेको पाइएको छ । नदीजन्य तथा खानीजन्य पदार्थ उत्खननमा जिल्लाका केही स्थानीय तहले कर (शुल्क) उठाउने गरेका छन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ